आज मिति २०८१।४।१८ गते यस चामे गाउँपालिका गाउँ कार्यपालिकाको बैठक यस गाउँपालिकाका अध्यक्ष श्री लोकेन्द्र बहादुर घलेज्यूको अध्यक्षतामा निम्न उपस्थितिमा बसी तपशिलका निर्णयहरु गरियो :-

उपस्थिति

(१) अध्यक्ष - श्री लोकेन्द्र बहादुर घले
(२) उपाध्यक्ष - श्री मुनिन्द्रजंग गुरुङ
(३) सदस्य - श्री आशिष गुरुङ
(४) -"- - श्री भिम बहादुर गुरुङ
(५) -"- - श्री राजु लामा
(६) -"- - श्री लोप्साङ लामा
(७) -"- - श्री कैले गुरुङ
(८) -"- - श्री लक्ष्मी वि.क.
(९) -"- - श्री माइला गुरुङ
(१०) -"- - श्री सामिरा गुरुङ
(११) -"- - श्री फुलमाया गुरुङ
(१२) -"- - श्री ओमकुमारी गुरुङ
(१३) -"- - श्री विमे घले
(१४) सदस्यसचिव श्री युबराज अधिकारी

अन्य उपस्थिति :-

(१) ~~वडा अध्यक्ष~~ वडा सदस्य वडा नं ४ - श्री बुधराम गुरुङ
(२) सूचना प्रविधि अधिकृत श्री दिपेन्द्र बं.गोदार
(३) सह-लेखापाल - श्री सन्तोष आचार्य
(४) कार्यालय सहायक - श्री लिले बा. गुरुङ

तपशिल

प्रस्तावहरु एवं निर्णयहरु :-

प्रस्ताव नं-१ चालु आ.व.को न्यूनतम दररेट सम्बन्धमा ।

निर्णय नं-१

उक्त प्रस्ताव उपर छलफल गर्दा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १३ बमोजिम यस चामे गाउँपालिकाको चालु आ.व. २०८१/०८२ का लागि यस गाउँपालिकाको क्षेत्रभित्र निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामाग्री, ज्याला, भाडा तथा महसुलको स्थानीय दररेट निर्धारण गर्नका लागि यस गाउँकार्यपालिकाको मिति २०८१।४।३ गतेको निर्णय नं २ बमोजिम गठित न्यूनतम दररेट निर्धारण समितिको मिति -

निर्णय प्रमाणित

२०७५ साल साउन ६ गते बसेको बैठकको निर्णयानुसार चालु आ० व० २०७५।०७६ को दररेट कायम गर्ने र सो दररेट बमोजिम नै निर्माण कार्य एवं अन्य सार्वजनिक निर्माणका कार्यहरु गर्ने / गराउने निर्णय गरियो ।

प्रस्ताव नं -२ विष्फोटक पदार्थको बिक्री तथा प्रयोग सम्बन्धमा ।

निर्णय नं -२

उक्त प्रस्ताव उपर छलफल गर्दा यस गाउँपालिकाले गत आ० व० २०७४।०७५ मा खरिद एवं ढुवानी गरिएको विकास निर्माण का लागि प्रयोग हुने विष्फोटक पदार्थ सामाग्रीहरु हाल चामे, मनाङ स्थित रणदल गुल्मको कम्पाउण्ड हाताभित्र storage house (बंकर) मा भण्डारणमा रहेकोमा सो विष्फोटक सामाग्रीहरु गाउँपालिकाबाट सञ्चालित विकास निर्माणका आयोजनाहरु मा प्रयोग गर्नुका अतिरिक्त यस गाउँपालिका क्षेत्रभित्र अन्य सरकारी एवं संघ संस्था तथा बाह्य निकायबाट संचालित विकास निर्माणका आयोजना तथा कार्यक्रमबाट माग भई आएमा आर्थिक ऐन, २०७५ मा तोकिएको दररेट अनुसारको (बिक्रीजन्य सामाग्रीहरु) रकम लिई सुरक्षाको लागि तोकिएको मापदण्ड र खर्च सम्बन्धित निकायबाट नै व्यहोर्ने गरी दिने / प्रयोग गर्ने निर्णय गरियो ।

प्रस्ताव नं -३ करार सेवामा कार्यरत कर्मचारीहरु का सम्बन्धमा ।

निर्णय नं ३

उक्त प्रस्ताव उपर छलफल गर्दा यस गाउँपालिकाको कार्यालय गाउँपालिका अन्तर्गतको वडा कार्यालयहरुमा कार्यरत तथा चामे गाउँपालिकाको सञ्चित कोषबाट पारिश्रमिक (परामर्श सेवा शुल्क) एवं सेवा सुविधा प्राप्त गर्ने देहायका पदमा कार्यरत कर्मचारीहरुलाई कार्यालयमा सोही पदमा स्थायी वा अन्य तवरबाट पदपूर्ति भई नआए सम्म कर्मचारी दरबन्दी अनुसार हाल अति न्यून भएकोले निजहरुको करार सेवा अवधिको म्याद थप गरी साविक बमोजिम नै काममा लगाउने निर्णय गरियो :-

(क) सूचना प्रविधि अधिकृत श्री दिपेन्द्र बस्नेत (२५% गा०पा० बाट व्यहोर्ने गरी)
(ख) सब-इन्जिनियर श्री विनित कुमार शाह
(ग) सामाजिक परिचालिका श्री सुशिला गुरुङ (CDF कार्यक्रम तर्फबाट)
(घ) कार्यालय सहयोगीहरु बालकुमारी तामाङ, छिरिङ लामा, कर्साङ लामा, रेखा गुरुङ र सबिता गुरुङ, बैसमाया गुरुङ (गा०पा० कार्यालय तथा वडा कार्यालय तर्फ)
(ङ) जिल्ला अस्पताल तर्फ :-
(i) फार्मेसी सहायक (पाँचौं) श्री राजु सैनी (स्वा. मन्त्रालयबाट करारमा नियुक्त)
(ii) ल्याब टेक्निसियन श्री सृजना रानामगर (प्र०स्वा० सेवा निर्देशनालयबाट ...)

निर्णय प्रमाणित

(III) अ० न० मि० श्री निमा राना (हिजोदेखि जिल्ला अस्पतालमा कार्यरत रहेको)
(IV) कार्यालय सहयोगी श्री कुमारी गुरुङ (जिल्ला अस्पताल, मनाङ)
(V) कार्यालय सहयोगी श्री रमाया तामाङ (जिल्ला अस्पताल मनाङ)
(VI) कार्यालय सहयोगी श्री कमला सुनार (जिल्ला अस्पताल मनाङ)

(ख) जिल्ला स्वास्थ्य अन्तर्गत चामे स्वास्थ्य चौकी, थानचोकमा कार्यरत ~~(श्री)~~ हेल्थ असिस्टेन्ट हे० अ० श्री नितेश कुमार साहु

(ग) जिल्ला अस्पताल मनाङको चालु आ०व० २०७५/०७६ को (सशर्त अनुदान) कार्यक्रम तर्फ रहेको ब० उ० शी० नं० ३७०८०४ स्वीकृत जिल्ला स्वास्थ्य कार्यक्रमको एलएमआईएस (LMIS) अन्तर्गतको कार्यक्रम संचालन गर्नाका लागि कम्प्युटर सहायक सेवा करारमा व्यवस्था भएको बजेट रु ०२५०,०००/- बाट जि० स्वा० का० मनाङको मिती २०७५।४।१४ को प० सं० २०७५/०७६ च० नं० १३ को प्राप्त पत्र बमोजिम मनाङ जिल्ला नार्पाभूमि-४ निवासी श्रवण व० गुरुङलाई करार सेवामा नियुक्ति गरी काममा लगाउने निर्णय गरियो ।

<u>प्रस्ताव नं ४</u> तेस्रो गाउँ सभा सम्बन्धमा ।

<u>निर्णय नं ४</u> यस गाउँपालिकाको (मिती २०७५।३।२५ देखि ३।२६ सम्म सम्पन्न भएको) तेस्रो गाउँसभाको बैठक सौहार्दपूर्ण रुपमा सम्पन्न भएको, विधेयक समितिबाट पेश भएका सबै कानुनहरु पास/पारित गरेको, आ०व० २०७५/०७६ को नीति, कार्यक्रम र बजेट सम्बन्धमा पेश भएका विभिन्न समितिका प्रतिवेदनहरु राजस्व परामर्श समितिको प्रतिवेदन, २०७५, बजेट तथा स्रोत अनुमान समितिको प्रतिवेदन २०७५, आर्थिक ऐन, २०७५, विनियोजन ऐन, २०७५ को दफावार छलफल गरी पारित गरेको, गाउँपालिकाको समग्र विकास, दीगो विकास, सन्तुलित विकासको अवधारणालाई पूर्णत आत्मसात गरी क्षेत्रगत नीतिहरुका साथै प्रादेशिक केन्द्रिय/संघीय सरकार समक्ष गर्नुपर्ने अन्तर सरकारी समन्वय सहकार्यको मार्गचित्र स्पष्ट गरिएको र सो समग्र नीति कार्यक्रम र बजेट २०७५।३।२६ गते जिल्ला स्थित सम्पूर्ण कार्यालयहरु, जनप्रतिनिधी, राजनैतिक, सामाजिक, शैक्षिक एवं गाउँपालिका वासीहरुको वृहद उपस्थितिमा सोको सार्वजनिकरण गरी सुझावहरुसमेत प्राप्त गरिए सम्पन्न गरिएकोमा यस गाउँपालिकाका सम्पूर्ण गाउँसभाका सदस्यहरु, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरु र योजना तर्जुमाका विभिन्न चरणहरुमा सहभागी सम्पूर्ण पालिकावासी जनताहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दै चालु आ०व० मा सो नीति, कार्यक्रम र बजेटको प्रभावकारी रुपमा परिणाममुखी कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय प्रमाणित
[signature]
०७६।५।१६

आज मिति २०७६।५।१६ गते यस च्युम गाउँपालिका गाउँ कार्यपालिका को बैठक यस गाउँपालिकाका अध्यक्ष श्री लोकेन्द्र बहादुर घले ज्युको अध्यक्षतामा निम्न उपस्थितिमा बसी तपसिल बमोजिमका निर्णयहरु गरियो :-

उपस्थिति :

१ अध्यक्ष श्री लोकेन्द्र बहादुर घले
२ उपाध्यक्ष श्री मुनिन्द्रजंग गुरुङ
३ सदस्य श्री आशिष गुरुङ
४ -״- श्री प्रेम ब० गुरुङ
५ -״- श्री राजु लामा
६ -״- श्री लोप्साङ लामा
७ -״- श्री कैले गुरुङ
८ -״- श्री लक्ष्मी वि०क०
९ -״- श्री माइता गुरुङ
१० -״- श्री सामिरा गुरुङ
११ -״- श्री फुलमाया गुरुङ
१२ -״- श्री आशाकुमारी गुरुङ
१३ -״- श्री बिनि घले
१४ सदस्य सचिव श्री युबराज अधिकारी

अन्य उपस्थिति :-

१ कार्यालय सहायक श्री छिलि ब० गुरुङ

प्रस्ताव एवं निर्णयहरु :-

प्रस्ताव नं १ - चालु आ० व० का आयोजनाहरु कार्यान्वयन सम्बन्धमा

निर्णय नं १ - उक्त प्रस्ताव उपर छलफल गर्दा चालु आ० व० २०७६।०७७ का लागि यस गाउँपालिकाको तेस्रो गाउँ सभाबाट पारित नीति, कार्यक्रम तथा बजेट र योजनाहरुको कार्यान्वयन प्रभावकारी रुपमा अगाडि बढाउन कुन/कुन आयोजनाहरु उ०स० मार्फत संचालन गर्ने र कुन/कुन आयोजनाहरु सिलबन्दी दरभाउपत्र/बोलपत्र माफत गर्ने भन्ने सम्बन्धमा आयोजनाहरुको प्राविधिक लागत अनुमान तयार गरी कार्यान्वयन प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

निर्णय प्रमाणित

आज मिति २०८२।६।२ गते यस चामे गाउँपालिका गाउँ कार्यपालिकाको बैठक यस गाउँपालिकाका अध्यक्ष श्री लोकेन्द्र बहादुर घलेज्यूको अध्यक्षतामा निम्न उपस्थितीमा बसी तपसिल बमोजिमका निर्णयहरु गरियो :-

उपस्थिति :-

1. अध्यक्ष - श्री लोकेन्द्र बहादुर घले
2. उपाध्यक्ष - श्री मुनिहिराजंग गुरुङ
3. सदस्य - श्री आशीष गुरुङ
4. -''- - श्री भिम ब० गुरुङ
5. -''- - श्री राजु लामा
6. -''- - श्री लोप्साङ लामा
7. -''- - श्री केल गुरुङ
8. -''- - श्री लक्ष्मी वि० क०
9. -''- - श्री माईता गुरुङ
10. -''- - श्री समिरा गुरुङ
11. -''- - श्री फुलमाया गुरुङ
12. -''- - श्री आशाकुमारी गुरुङ
13. -''- - श्री विर घले
14. सदस्य सचिव - श्री युवराज अधिकारी

आमन्त्रित उपस्थिति :-

1. आलेप० अधिकृत - श्री नमनारायण मल्ल
2. ले० प्र० - श्री रेवतीरमण सापकोटा
3. सह-ले०पा० - श्री सन्तोष आचार्य
4. का० सहायक - श्री लिल ब० गुरुङ

प्रस्ताव एवं निर्णयहरु :-

प्रस्ताव नं-१ विद्यार्थी भर्ना विशेष अभियान (दोस्रो चरण) अन्तर्गत सम्पूर्ण बालबालिका विद्यालय बाहिर नरहेको सम्बन्धमा।

निर्णय नं-१

उक्त प्रस्ताव उपर छलफल गर्दा नेपाल सरकार विद्यार्थी भर्ना विशेष अभियान (दोस्रो चरण) मिति २०८२।५।२८ देखि २०८२।५।३१ सम्ममा यस चामे गाउँपालिका अन्तर्गतका ५ वटै वडाहरु एवं यस गाउँपालिका अन्तर्गतका सबै विद्यालयहरुका सेवा क्षेत्रभित्र विद्यालय उमेर समूह (५-१२ वर्ष) का कुनै पनि बालबालिका विद्यालय

निर्णय प्रमाणित
[signature]
२०७६।८।२

बाहिर नरहेको व्यहोरा सिफारिस पत्रहरु सम्बन्धित वडा कार्यालयहरु एवं सबै विद्यालयहरु बाट प्राप्त भएकोले यस चामे गाउँपालिका लाई विद्यालय उमेर समूह (५ - १२ वर्ष) का कुनै पनि बालबालिका विद्यालय बाहिर नरहेको गाउँपालिका को रूपमा घोषणा गर्ने निर्णय गरियो, साथै सो घोषणा भोली मिति २०७६।८।३ गते श्री लोकप्रिय मा.वि. को बार्षिकोत्सव कार्यक्रममा गर्ने निर्णय गरियो।

प्रस्ताव नं २
चालु आ.व. का आयोजनाहरुका लागि उ.भो.स. गठन गर्ने सम्बन्धमा।

निर्णय नं २ उक्त प्रस्ताव उपर छलफल गर्दा चामे गा.पा. को विनियोजन ऐन, २०७६ (संशोधित) बमोजिम विनियोजित आयोजना तथा कार्यक्रमहरु संचालन गर्नाका लागि वडा स्तरिय आयोजना तथा कार्यक्रम मध्ये कुन कुन आयोजना उ.भो.स. मार्फत र कुन कुन आयोजना टेण्डर प्रक्रिया बाट संचालन गर्न उपयुक्त हुन्छ सबै वडा समितिबाट निर्णय गराई गाउँपालिकामा सिफारिस गर्न सबै वडाहरु लाई लगाउने र सो अनुसार उ.भो.स. बाट निर्माण / संचालन गरिने आयोजना हरुका क्रमश: उ.भो.स. गठन गर्ने निर्णय गरियो।

प्रस्ताव नं-३ - करार सेवामा इन्जिनियर भर्ना गर्ने सम्बन्धमा।
निर्णय नं-३ यस कार्यालयमा रहेको सिभिल इन्जिनियर पद रिक्त रहेकोले कार्यालयका आयोजनागत / प्राविधिक कामहरु अगाडी बढाउनाका लागि सिभिल इन्जिनियर एक जना करार सेवाको प्रक्रिया पुरा गरी भर्ना प्रक्रिया अगाडि बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई पूर्ण जिम्मा दिने निर्णय गरियो।

प्रस्ताव नं-४ कोता पहिरो संरक्षण तथा सडक संचालन सम्बन्धमा।
निर्णय नं ४ उक्त प्रस्ताव उपर छलफल गर्दा यस गाउँपालिका को वडा नं ३, चामे-वेसीसहर सडक खण्डको कोतोमा मिति २०७६ साल महिना गते को अविरल वर्षा पछि ठुलो पहिरो गई सडक भासिएको, मर्स्याङ्दी नदीसम्म नै बगेको घोरै माथि देखि मुख्य सडक हुँदै अत्यन्त विनासकारी पहिरो गएको कोतो र तिलिचे-डाँडा सम्मको बस्ती नै संकटमा रहेकोले सो सडक संचालन तथा संरक्षणका लागि निर्माण गरिएका ग्याबिनहरुको ज्याला खर्च एवं मर्स्याङ्दी पारीपट्टी एक्साभेटर प्रयोग गरी गरिएको कामको यस कार्यालयका प्राविधिकबाट नापजाँच एवं मूल्यांकन गरी सोको भुक्तानी प्रकृया अगाडि बढाउने निर्णय गरियो।

[signatures]

निर्णय प्रमाणित

प्रस्ताव नं. ५ स्यार्दु खोलामा काठेपुल निर्माण गर्ने सम्बन्धमा।

निर्णय नं. ५ यस गा.पा.को वडा नं. १ र ४मा पर्ने स्यार्दु खोलामा रहेको पुरानो काठेपुल खोलाको बाढीले बगाएको हुँदा हाल सर्वसाधारण एवं मानिस सो वारपार आवतजावत गर्न कठिनाई भएकोले यस कार्यालयबाट सो काठेपुल निर्माणका लागि प्राविधिक खटाई वडा अध्यक्षको प्रत्यक्ष अनुगमनमा स्थानीय उपभोक्ता समिति गठन गरी सोको लागत इष्टिमेट तयार गर्ने र निर्माणकार्य सकेसम्म छिटो अगाडि बढाउने निर्णय गरियो।

प्रस्ताव नं. ६ – चामे बजारको बीच मार्ग खोलामा काठेपुलको सट्टा बार एवं ग्याबिन निर्माण गर्ने सम्बन्धमा।

निर्णय नं. ६ उक्त प्रस्ताव उपर छलफल गर्दा यस गा.पा. को वडा नं ३ र ४मा पर्ने चामेबजार (सिटिजन बैंक भन्दा अगाडि) मार्ग खोलामा हाल रहेको सडकको काठेपुल जीर्ण अवस्थामा रहेको, सोको दायाँ बायाँ काठको बार नभएको हुँदा विद्यार्थीहरु एवं अन्य मानिसहरु (public) आवतजावत गर्दा खोलामा खस्ने र संभावित दुर्घटनाको जोखिम भएकोले सो पुललाई व्यवस्थित एवं सुरक्षित तुल्याउनका लागि यस कार्यालयबाट प्राविधिक खटाई सोको लागि आवश्यक कामहरुको लागत इष्टिमेट तयार गरी निर्माण कार्य अगाडि बढाउन लगाउने निर्णय गरियो।

प्रस्ताव नं ७ – जिल्ला अस्पतालसम्म केन्द्रिय प्रसारण लाइन जडान गर्ने सम्बन्धमा।

निर्णय नं. ७ : उक्त प्रस्ताव उपर छलफल गर्दा हालै मात्र यस चामेसम्म नेपाल विद्युत प्राधिकरणको ३३ के.भी प्रसारण लाइन जडान भइसकेकोमा यस जिल्लाको जिल्ला अस्पताल रहेको मार्ग क्षेत्रसम्म सो लाइन नपुगेको अवस्थामा अस्पताल क्षेत्रमा चौबिसै घण्टा विद्युत आवश्यक पर्ने, अस्पतालको ल्याब संचालन, परीक्षणका मेशिन एवं उपकरणहरु संचालन गर्न विद्युत पावर नपुग भई समस्या रहेको हुँदा अस्पतालसम्म ३३ K.B. प्रसारण लाइन जडान गरी दिनाका लागि विद्युतसँग माग गर्ने निर्णय गरियो।

प्रस्ताव नं. ८ – बहुउद्देश्यीय भवनको म्याद थप र भेरिएशन सम्बन्धमा।

निर्णय नं. ८ उक्त प्रस्ताव उपर छलफल गर्दा बहुउद्देश्यीय भवन चामेको मिति २०७५ भाद्र २२ देखि ४ महिनाको म्याद थप र सोको निर्माणको क्रममा निर्माण व्यवसायी तथा कार्यालयबाट पेश भएको भेरिएसन आदेशलाई समर्थन गरी स्वीकृत गरी काम गर्न लगाउने निर्णय गरियो।

निर्णय प्रमाणित

आज मिति २०७८।६।२४ गते यस च्मामे गाउँपालिका गाउँ कार्यपालिकाको बैठक यस गाउँपालिकाका अध्यक्ष श्री लोकेन्द्र बहादुर घले ज्यूको अध्यक्षतामा निम्न उपस्थितिमा बसी तपसिल बमोजिमका निर्णयहरु गरियो :-

उपस्थिति

१) अध्यक्ष श्री लोकेन्द्र ब० घले
२) उपाध्यक्ष श्री मुनिन्द्रजंग गुरुङ
३) सदस्य श्री आशीष गुरुङ
४) -॥- श्री भिम ब० गुरुङ
५) -॥- श्री राजु लामा
६) -॥- श्री लाक्पु साङ लामा
७) -॥- श्री केले गुरुङ
८) -॥- श्री लक्ष्मी वि०क०
९) -॥- श्री मार्ता गुरुङ
१०) -॥- श्री समिरा गुरुङ
११) -॥- श्री फुलमाया गुरुङ
१२) -॥- श्री आशाकुमारी गुरुङ
१३) -॥- श्री भिम घले
१४) सदस्य सचिव श्री युबराज अधिकारी

अन्य उपस्थिति :-

१) आलेप अधिकृत श्री नमनारायण मल्ल
२) सू०प्र० -॥- श्री दिपेन्द्र गोरखा
३) स्रफ्टवेयापालक श्री सन्तोष आचार्य
४) कार्यालय सहायक श्री भिले ब० गुरुङ

प्रस्ताव एवं निर्णयहरु :-

प्रस्ताव नं. १ - च्मामे गा०पा० वडा नं. १ तिमाङमा प्राविधिक शिक्षालय स्थापना एवं संचालन गर्ने सम्बन्धमा।

निर्णय नं. १

यस गाउँपालिकाको तेस्रो गाउँसभाको निर्णय नं. २३ बमोजिम च्मामे गाउँपालिकालाई शैक्षिक केन्द्रको रुपमा विकास गर्नको लागी यस जिल्लाको सम्भावना रहेका प्राविधिक क्षेत्रहरु पर्यटन, कृषि, होटल मेनेजमेन्ट, डाली नियाले, पशु विकास, साहसीक पर्यटकीय लगायतका प्राविधिक विषयहरुको च्मामे प्राविधिक शिक्षालय स्थापना एवं संचालन गर्नका

निर्णय प्रमाणित

गौरीशंकर

विद्यालय आधारभूत विद्यालय, तेस्राउमा विद्यालयको नाममा कति क्षेत्रफल आफ्नै जग्गा समेत रहेको, आवश्यक अन्य जग्गा समेत सँगै रहेको सार्वजनिक जग्गालाई लिने साविक नामसँगको स्वरूप पनि उपयुक्त प्रकारको भएको, तेस्राउ ठाउँ पनि जिल्लाको केन्द्रभाग, रोड Excess एवं पशुवार उपयुक्त भएकोले सो स्थानमा प्राविधिक विद्यालय स्थापना एवं संचालनका लागि प्राविधिक निकायहरू एवं संघीय निकायहरू शिक्षा मन्त्रालय, CTEVT हरूमा माग गर्ने निर्णय गरियो।

प्रस्ताव नं २ चालु आ०व०मा तेश्रो गाउँसभाबाट पारित कृषि विकास कार्यक्रम तर्फको रु ५५,००,०००।- को क्षेत्रगत र विषयगत बाँडफाँड सम्बन्धमा।

निर्णय नं २ उक्त प्रस्तावउपर छलफल गर्दा चालु आ०व० २०७५।०७६ मा यस गाउँपालिकाको कृषि विकास कार्यक्रम तर्फ विनियोजित वार्षिक बजेट रु ५५ लाखको कार्य संचालन गर्नका लागि यस गाउँपालिकाको कृषि शाखाबाट पेश भएको विषयगत बाँडफाँडको बाली विकास कार्यक्रम तर्फ रु. ३०४,४००।-, कृषि उपज मेशिनरी औजार तर्फ रु ३४६६५००।-, बागवानी विकास कार्यक्रम तर्फ रु ७०१५००, पुष्पखेती कार्यक्रम तर्फ रु. १६०,०००।- बाली संरक्षण कार्यक्रम तर्फ रु ३२६२०००।-, तालिम तथा क्षमता विकास तर्फ रु ६५५,१०० गरी जम्मा रु ५५००,०००।- को कार्यक्रम स्वीकृत गर्ने र सो कार्यक्रम संचालन गर्ने निर्णय गरियो।

प्रस्ताव नं ३ चालु आ०व० मा तेश्रो गाउँ सभाबाट पारित पशु विकास कार्यक्रम तर्फको वार्षिक बजेट रु २०,५६,००० को क्षेत्रगत र विषयगत बाँडफाँड सम्बन्धमा।

निर्णय नं ३

उक्त प्रस्ताव उपर छलफल गर्दा यस गाउँपालिकाको तेश्रो गाउँ सभाबाट चालु आ०व० २०७५।०७६ को लागि पारित एवं विनियोजित वार्षिक बजेट रु २०५६,०००।- को कार्यक्रम संचालन गर्नका लागि यस गाउँपालिकाको पशु विकास शाखाबाट पेश भएको विषयगत बाँडफाँड देहाय बमोजिम कायम गरी कार्यक्रम संचालन गर्ने निर्णय गरियो।

निर्णय प्रमाणित

(हस्ताक्षर)

| | | |
|---|---|---|
| (क) | कृषकहरु लाई पशुपालन सम्बन्धी सामाग्रीहरु सहयोग | रु २०६५००।- |
| (ख) | घाँसको बिउँ वितरण (खरिद, ढुवानी, वितरण) | रु. ६५०००।- |
| (ग) | प्रजनन् तथा नश्ल सुधार (पशु) कार्यक्रम | रु. ३९६०००।- |
| (घ) | तालीम तथा कृषक क्षमता विकास कार्यक्रम | रु. ४०३५००।- |
| (ङ) | ग्रामीण कुखुरा पालन कार्यक्रम तर्फ | रु. ४३६०००।- |
| (च) | बंगुर वितरण कार्यक्रम तर्फ | रु. ११२०००।- |
| (छ) | औषधि तथा भेटेनरी उपकरण खरिद ढुवानी | रु. ३१५०००।- |
| (ज) | मत्स्य पसल सुधार कार्यक्रम | रु. ३००००।- |
| (झ) | कृषक तथ्यांक विवरण अद्यावधिक | रु. २०,०००।- |
| | जम्मा | रु. २०,५६,०००। |

**प्रस्ताव नं ३** सडक मापदण्ड एवं नदीको मापदण्ड सम्बन्धमा

**निर्णय नं. ३**

उक्त प्रस्ताव उपर छलफल गर्दा यस गाउँपालिकाले आफ्नो क्षेत्रभित्रका सडकहरुको हालसम्म मापदण्ड तोकिनसकेको निमाड हैछि यस गा.पा.का सम्पूर्ण बस्तीहरु बेसीशहर-मनाङ सडकखण्डमा रहेका, सम्पूर्ण बस्तीहरु मर्स्याङ्दी नदी किनारमा मात्र रहेकाले केन्द्रिय स्तरमा नदीको तोकिए बमोजिमको मापदण्ड लागु गरेमा हालको सम्पूर्ण बस्ती एवं त्यसै गा.पा.को बाँकी कुनै पनि जमिनमा बस्तीहरु रहन नसक्ने अवस्था रहेको हुँदा सो सम्बन्धमा स्थानीय परिवेशको अध्ययन एवं विश्लेषणको आधारमा मात्र नदी/खोलाको मापदण्ड तोक्न लगाउन अनुरोध गर्ने, सो सम्बन्धमा सम्बन्धित निकायबाट तोकिए बमोजिम हुने गरी हाललाई (मर्स्याङ्दी नदी किनारबाट पाँच मिटर र अन्य) मर्स्याङ्दी नदी किनारबाट पाँच मिटर र अन्य खोला/खोल्सीमा दुई मिटर राइट अफ वे मान्ने र सडकको सन्दर्भमा यस गा.पा.को नमस्ते गेटसम्म हालको सडकको फिडर रोडको मापदण्ड समेत व्यवहारिक नभएको, सो मापदण्ड कायम रहेमा हालको कुनै पनि बस्ती संरचना हरु नरहने भएको हुँदा सोलाई स्थानीय परिवेश अनुसार व्यवहारिक मापदण्ड कायम गर्न माग गर्ने र सो नमस्ते गेटदेखि माथि यस गा.पा.को सीमाना (नमस्ते गेट - तलेखु) सम्म पनि मापदण्ड पारित नभएसम्म सोही बमोजिम हुने गरी हाललाई छ मिटर तोकी सोको राइट अफ वे तीन मिटर र सेटब्याक २ मिटर राखी हाललाई नक्सा पास स्वीकृती दिने निर्णय गरियो।

(हस्ताक्षर)

२०७५।६।२४

निर्णय प्रमाणित

आज मिति २०८१।०८।२० गते यस चार्रे गाउपालिका गाउँ कार्यपालिकाको बैठक यस गाउपालिकाका अध्यक्ष श्री लोकेन्द्र बि० बलेज्यूको अध्यक्षतामा निम्न उपस्थितिमा बसी तपशिलका निर्णयहरु गरियो :-

उपस्थिति :-

① अध्यक्ष - श्री लोकेन्द्र बि० बले
② उपाध्यक्ष - श्री मुक्तिजंग गुरुङ
③ सदस्य - श्री आशिष गुरुङ
④ -"- - श्री भिम ब० गुरुङ
⑤ -"- - श्री राजु लामा
⑥ -"- - श्री लोटखाङ लामा
⑦ -"- - श्री कैले गुरुङ
⑧ -"- - श्री लक्ष्मी वि०क०
⑨ -"- - श्री माइली गुरुङ
⑩ -"- - श्री सामिरा गुरुङ
⑪ -"- - श्री फुलमाया गुरुङ
⑫ -"- - श्री अम्बकुमारी गुरुङ
⑬ -"- - श्री रवि बले
⑭ सदस्य सचिव - श्री युबराज अधिकारी

अन्य उपस्थिति

① आ०लेप० अधिकृत - श्री नयनारायण मल्ल
② सु०प्र० -"- - श्री दिपेन्द्र गोदार
③ सह-लेखापाल - श्री सन्तोष आचार्य

प्रस्ताव एवं निर्णयहरु :-

प्रस्ताव नं-१ :- सवारी साधन मोटरसाईकल खरिद सम्बन्धमा।

निर्णय नं-१

उक्त प्रस्ताव उपर छलफल गर्दा यस कार्यालयको लागि आवश्यक सवारी साधन (मो०सा०) खरिद गर्नको लागि वार्षिक रु ३००,०००/- बजेट व्यवस्था गरिएकोमा हाल चालु आ०व०मा मो०सा०मा भएको मूल्य वृद्धिको कारण अपुग रकम गत आ०व०को अ०ल्याइ रकमबाट व्यहोर्ने र सोको भुक्तानी गर्ने साथै गत आ०व०मा नै खरिद भई प्रयोगमा आएको हाल वडा नं. ४का वडाअध्यक्ष श्री लोटखाङ लामाले प्रयोग गर्दै आउनु भएको अपाच्य ४००cc मो०सा०को भुक्तानी गर्नको लागि समेत रकम व्यवस्थाको लागि गत आ०व०बाट जिम्मेवारी सरेको रकमबाट सोको,

निर्णय प्रमाणित

भुक्तानी गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं: २**

बहुउद्देश्यीय भवनको अन्तिम बिल तथा भेरियसन आदेशको थप रकम भुक्तानी सम्बन्धमा ।

**निर्णय नं: २**

उक्त प्रस्ताव उपर छलफल गर्दा यस कार्यालयद्वारा निर्माणाधीन "बहुउद्देश्यीय भवन, चामे" आयोजनाको निर्माण व्यवसायी मृत संजिमेली खड्का कुंवर द क्यारभात जे०भी० को तर्फबाट सम्झौता बमोजिम र ३०४९.मा उल्लेखित कामहरु सम्पन्न भएको भनी अन्तिम बिल पेश भएकोमा सोको प्राविधिक बिल भरपाई एवं कागजात र मूल्यांकनको आधारमा भुक्तानी गर्ने साथै निर्माण व्यवसायीको तर्फबाट ट्वाइलेट / बाथरुममा प्रयोग भएको भित्ताको टायल, पोर्चको भुईमा प्रयोग भएको टायल, सटरको साइज बढेकोले बढेको quantity, छानाको ट्रस निर्माण गर्दा प्रयोग भएको स्टिल पाइपहरुको quantity र अर्थ वर्क (माटो कटिङ्को काममा - बढत गरेको कामको परिमाण (quantity) मा भेरियसन आदेशको रुपमा स्विकार गरी निर्माण व्यवसायीले पेश गरेको कामको परिमाणका सन्दर्भमा कार्यालयको प्राविधिक बाट भएको नापजाँच एवं प्राप्त प्रतिवेदनको आधारमा, कामको प्रकृति अनुसार अनिवार्य गर्नु पर्ने काम भएकोले भेरियसन आदेश स्वीकार गरी थप चालु आ.व.मा विनियोजित बजेटबाट नपुग्ने थप बजेट गर्न आ०व० को अ०/ब्या० बाट व्यहोर्ने गरी भुक्तानी दिने निर्णय गरियो ।

२०७५/६/२०

निर्णय प्रमाणित

आज मिति २०८१।८।१६ गते यस चामे गाउँपालिकाको गाउँ कार्यपालिकाको बैठक यस गाउँपालिकाका अध्यक्ष श्री लोकेन्द्र बहादुर घलेज्यूको अध्यक्षतामा निम्न उपस्थितिमा बसी तपसिल बमोजिमका निर्णयहरु गरियो :-

उपस्थिति :-

(१) अध्यक्ष - श्री लोकेन्द्र ब० घले
(२) उपाध्यक्ष - श्री मुनिन्द्रजंग गुरुङ
(३) सदस्य - श्री आशिष गुरुङ
(४) -"- - श्री भिम ब० गुरुङ
(५) -"- - श्री राजु लामा
(६) -"- - श्री न्योरबाङ लामा
(७) -"- - श्री कैले गुरुङ
(८) -"- - श्री लक्ष्मी वि०क०
(९) -"- - श्री माइला गुरुङ
(१०) -"- - श्री सामिरा गुरुङ
(११) -"- - श्री फुलमाया गुरुङ
(१२) -"- - श्री आशाकुमारी गुरुङ
(१३) -"- - श्री विनि घले
(१४) सदस्य सचिव - श्री युबराज अधिकारी

अन्य उपस्थिति :-

(१) आ०लेप० अधिकृत - श्री नमनारायण मल्ल
(२) सू०प्र० -"- - श्री दिपेन्द्र पोद्दार
(३) नी०क० - श्री राजेश राज
(४) सह० लेखापाल - श्री सन्तोष आचार्य

प्रस्ताव एवं निर्णयहरु :-

प्रस्ताव नं. १ -
यम बहादुर गुरुङको क्षतीपूर्ती माग सम्बन्धमा।

निर्णय नं.१
उक्त प्रस्ताव उपर छलफल गर्दा यस चामे गाउँपालिका वडा नं. ४ निवासी श्री यमबहादुर गुरुङ एवं निजको श्रीमती श्री लक्ष्मी गुरुङको यस गा०पा०वडा नं. ४मा साबिकमा जिल्ला विकास समिति / जिल्ला समन्वय समिति, मनाङबाट निर्माण शुरु भई मिति २०७४।१।२४मा यस गाउँपालिकालाई सोको सम्पत्ती / जिम्मेवारी सहित हस्तान्तरण भई आएको "बहुउद्देश्यीय भवन चामे" आयोजना निर्माण गर्नको लागि काम शुरु / निर्माण गर्नेक्रममा जिउतमा क्षती भएको,

निर्णय प्रमाणित
[signature]

सो किचन हल भत्केको गरेकोमा सोको क्षतिपूर्तिको माग निज घरधनी बाट भएकोमा जिल्ला समन्वय समिति मनाङको मिति २०७४।६।१६ को च.नं. ३४ को प्राप्त पत्र एवं सो संग संलग्न जिल्ला प्राविधिक कार्यालयबाट तयार भएको लगत का आधारमा सो तत्कालीन अवस्थको किचन हल क्षति भई नोक्सान भएको हुंदा निज व्यक्तिको क्षतीलाई ध्यानमा राखी माग भए बमोजिमको लगइस्टमेट रु. २९४६०७।१० को आधारमा चालु आ.व. मा विनियोजित भैपरी आउने चालु अनुदान बाट राहत स्वरुप रु. २९४६००।- भुक्तानी दिने निर्णय गरियो।

प्रस्ताव नं. २ सदस्यता सम्बन्धमा (ढिकुरपोखरी समाज पोखरा)

निर्णय नं. २

उक्त प्रस्ताव उपर छलफल गर्दा यस गा.पा. का प्र.प्र.अ.को आफ्नै ठाँउमा रहेको पोखरामा स्थापित ढिकुरपोखरी समाज पोखराको अक्षयकोष स्थापना गर्नाको लागि पेश भएको निवेदन उपर छलफल गर्दा चालु आ.व.को चालु खर्च तर्फको अन्य अनुदान (२८५४२) बाट भुक्तानी गरी रु. २५००१।- को चेकबाट आजीवन सदस्य बन्ने (चामे गाउँपालिका मनाङ) निर्णय गरियो।

प्रस्ताव नं. ३ करार सेवामा अ.हे.व. पदको नियुक्ति सम्बन्धमा।

निर्णय नं. ३ उक्त प्रस्ताव उपर छलफल गर्दा यस गाउँ पालिका अन्तर्गतको थानचोक स्वास्थ्य चौकी, थानचोकमा अ.हे.व. पद रिक्त रहेकोले सो स्वास्थ्य चौकीले सेवा उपलब्ध गराउन कठिनाई परेको हुंदा विगत लामो समयदेखि जिल्ला स्वास्थ्य कार्यालय अन्तर्गत अ.हे.व. पदमा कार्यरत स्थानीय समुदाय संग सँगै बसेर स्वास्थ्य क्षेत्रमा काम गरिरहनु भएका साविक चामे गा.वि.स. वडा नं. ३, हाल चामे गा.पा. वडा नं. १ निवासी अ.हे.व. श्री लक्ष्मी लामा लाई सो रिक्त पदमा पदपूर्ति, सरुवा वा अन्य कुनै कारणले पदपूर्ति भई आएमा स्वतः नरहने गरी अ.हे.व. चौथो पदमा शुरु तलब स्केल बराबरको सेवा सुविधा पाउने गरी २०७५ असार मसान्त सम्मको लागि नियुक्ति गरी कामकाजमा लगाउने निर्णय गरियो।

प्रस्ताव नं. ४ सम्मान एवं कदर प्रदान गर्ने सम्बन्धमा।

निर्णय नं. ४

उक्त प्रस्ताव उपर छलफल गर्दा यस चामे

[signature]

गाउँपालिकामा मिति २०७४।७।१५ देखि कार्यरत प्रमुख प्रशासकीय अधिकृत श्री युवराज अधिकारी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७५।७।८ को निर्णय अनुसार कास्की जिल्लाको मादी गाउँपालिकामा सरुवा भई जानेका लागि तयारी अवस्थामा हुनुहुन्छ यो बीचको अवधिमा निजबाट यस गाउँपालिकाको सेवा प्रवाह, विकास निर्माण लगायत यस गा.पा.को आधार तय गर्न पुऱ्याउनु भएको योगदान उहाँको कार्यप्रणालीको इमान्दारीता, व्यवसायिकता, कर्तव्यनिष्ठता, कार्यकुशलता र पदीय जिम्मेवारी बोध प्रति उच्च सम्मान गर्दै आगामी दिनहरुमा आफ्नो कार्य क्षेत्रमा काम गर्न सफलता मिलोस् भनी शुभ-कामना सहित उच्च सम्मानको साथ कदर पत्र प्रदान गर्ने निर्णय गरियो।

<u>प्रस्ताव नं.६</u>

सामुदायिक विद्यालयहरुको लेखापरीक्षण गराउने सम्बन्धमा।

<u>निर्णय नं ६</u> उक्त प्रस्ताव उपर छलफल गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम यस गाउँपालिका क्षेत्रभित्र रहेका आधारभूत र माध्यमिक विद्यालयहरुको आ.व. २०७४/०७५ को आर्थिक कारोबारहरुको लेखापरीक्षण गर्न नेपाल चार्टर्ड एकाउन्टेन्ट संस्थाबाट सूचीकृत रजिष्टर्ड अडिटरबाट आवेदन माग गर्न ~~राष्ट्रिय स्तरको पत्रिकामा~~ १५ दिने सूचना प्रकाशन गर्ने र सो अनुसार सूचीकृत लेखापरीक्षकबाट सामुदायिक विद्यालयहरुको लेखापरीक्षण गराउने निर्णय गरियो।

आज मिति २०८२।०३।०२ गते यस चार्पे गाउँपालिकाको गाउँ कार्यपालिकाको बैठक यस गाउँपालिकाका अध्यक्ष लोकेन्द्र बहादुर घलेज्यूको अध्यक्षतामा निम्न उपस्थितिमा बसी तपसिल बमोजिमका निर्णय गरियो ।

उपस्थिति :-

(१) अध्यक्ष श्री लोकेन्द्र बहादुर घले
(२) उपाध्यक्ष श्री मुनिन्द्र जंग गुरुङ
(३) सदस्य श्री आशिष गुरुङ
(४) " श्री भिम बहादुर गुरुङ
(५) " श्री राजु लामा
(६) " श्री आङदुी लामा
(७) " श्री कैली गुरुङ
(८) " श्री लक्ष्मी वि.क.
(९) " श्री माइला गुरुङ
(१०) " श्री समिरा गुरुङ
(११) " श्री फुलमाया गुरुङ
(१२) " श्री आश कुमारी गुरुङ
(१३) " श्री विन घले
(१४) सदस्य सचिव श्री नम नारायण मल्ल

अन्य उपस्थिति

(१) वडिकार श्री विष्णु प्रसाद अधिकारी
(२) स.ले.पा. श्री कविता के.सी.
(३) ना.प्र. श्री सृजना गुरुङ
(४) प्रा.स. श्री श्याम कुमार ओली

प्रस्ताव नं.१ - कर्मचारी समायोजना सम्बन्धमा

निर्णय नं.१

प्रस्ताव नं.१ उपर छलफल गर्दा मिति २०६४।१०।१ च.नं. ६१ को पत्रबाट साविके चार्पे गाउँ विकास समितिको सहायक स्तर चौथो कार्यालय सहायक पदमा स्थायी नियुक्ति भई कार्यरत रहनु भएका कार्यालय सहायक श्री लिल बहादुर गुरुङ लाई कर्मचारी समायोजना अध्यादेश २०७४ को दफा ६ बमोजिम यस गाउँ पालिकामा रिक्त रहेको प्रशासन सेवा, सामान्य प्रशासन उप समूह सहायक स्तर चौथो तह खरिदार पदमा समायोजना गरी पदस्थापन गर्ने निर्णय गरियो।

प्रस्ताव नं. २ कानुनको विधेयक पारित गर्ने सम्बन्धमा ।
निर्णय नं. २
प्रस्ताव नं. २ उपर छलफल गर्दा यस गाउँपालिका अन्तर्गतको विधेयक समितिका अध्यक्ष श्री भीम बहादुर गुरुङ बाट पेश भएका तपशिल बमोजिमको कानुनको विधेयक छलफल गरी पारित गर्ने निर्णय गरियो।
क) चामे गाउँपालिकाको विपद् व्यवस्थापन कोष (सञ्चालन) कार्यविधि २०७५
ख) चामे गाउँपालिका आपतकालिन कार्य सञ्चालन विधि २०७५
प्रस्ताव नं. ३ एकिकृत सम्पत्ति कर सम्बन्धमा
निर्णय नं. ३ प्रस्ताव नं. ३ उपर छलफल गर्दा आ.व. ०७५।७६ को शुरु देखि नै लागु हुने गरी मिति ०७५।३।२४ मा ~~चामे~~ कार्यपालिकाबाट स्वीकृत चामे गाउँपालिकाको एकीकृत सम्पत्ति कर व्यवस्थापन कार्यविधि, २०७५ बमोजिम प्रदेश अधिकारीहरूले, तथा ऐनको दफा ४१ बमोजिम मौजुदा कर चालु भएका अतिरिक्त समय कार्य गराउन धप सुविधा दिने निर्णय गरियो।

निर्णय प्रमाणित
[signature]

आज मिति २०८१।०३।११ गते यस च्यामे गाउँपालिका गाउँ कार्यपालिकाको बैठक यस गाउँपालिकाका अध्यक्ष श्री लोकेन्द्र ब. घलेज्यूको अध्यक्षतामा निम्न उपस्थितिमा बसी तपशिलका निर्णयहरु गरियो।

उपस्थिति

१. अध्यक्ष - श्री लोकेन्द्र ब. घले
२. उपाध्यक्ष - श्री मुनिन्द्रजंग गुरुङ
३. सदस्य - श्री आशिम गुरुङ
४. " - श्री भिम ब. गुरुङ
५. " - श्री राजु लामा
६. " - श्री लोरसाङ लामा
७. " - श्री कैले गुरुङ
८. " - श्री लक्ष्मी वि.क.
९. " - श्री माईता गुरुङ
१०. " - श्री समिरा गुरुङ
११. " - श्री फूलमाया गुरुङ
१२. " - श्री आशाकुमारी गुरुङ
१३. " - श्री किन घले
१४. सदस्य-सचिव - श्री गंगबहादुर थापा

अन्य उपस्थिति:-

१. आ.ले.प. अधिकृत - श्री नाम नारायण मल्ल
२. स.ले.पा. - श्री कविता के.सी.
३. वडा सचिव - श्री बिष्णु प्रसाद अधिकारी
४. सामाजिक परिचालक - श्री सुशिला गुरुङ

प्रस्तावहरु

१. त्रिच्युङडाल्दा मोटर बाटोको पहिरो हटाउने सम्बन्धमा
२. आ.व. २०८०।८१ का लागि सामुदायिक विद्यालयहरुको अन्तिम लेखापरीक्षणका लागि मिति २०८१।०८।२९ गते प्रकाशित सुचना अनुसार प्राप्त (लेखापरीक्षण गर्ने) निवेदन सम्बन्धमा।
३. गाउँपालिका कार्यालय परिसरमा सन हाउस निर्माण सम्बन्धमा।
४. अधिकृत हैसियत रिजिनल टुरिज्म (को) सेवा करारका लागि प्रक्रिया बढाउने सम्बन्धमा।

निर्णयहरु

१. बेसीशहर-च्यामे सडक अन्तर्गतको त्रिच्युङडाल्दा

प्रमाणित उपस्थित

खण्डमा केही दिनदेखि निरन्तर खुल्ने पहिरोले सडक अवरोध भएको र मानवीय हिसाबमा पनि अति नै जोखिम भएको हुँदा यथा शिघ्र पहिरो हटाउने व्यवस्थाको लागि संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय सडक डिभिजन, दमौली तनहुँलाई अनुरोध गर्ने निर्णय गरियो ।

(२) आ.व. २०७४/०७५ का लागि यस गाउँपालिका मातहतमा रहेका सबै सामुदायिक विद्यालयको अन्तिम लेखापरीक्षण गर्न चाहने गाउँपालिका शिक्षा नियमावली, २०७५ को नियम ८८ को उपनियम (५) बमोजिम मिति २०७५/०८/२५ गते सूचना प्रकाशन भएकोमा एक मात्र निवेदन आइ.बि.ए.एण्ड एसोसिएट्स – रजिष्टर्ड अडिटर्स, इश्वरी चन्द्र अधिकारी, काठमाडौंको प्राप्त भएकोमा सम्पूर्ण सबै विद्यालयको लेखापरीक्षण गर्न नियुक्ति दिने निर्णय गरियो ।

(३) गाउँपालिका कार्यालय परिसरमा रहेको खाली स्थानमा गेष्ट हाउस निर्माणका लागि प्राविधिक लागत इष्टिमेट गराई कार्यालयको मौज्दात बजेटबाट कार्य गर्ने निर्णय गरियो ।

(४) यस गाउँपालिकाको अस्थायी स्वीकृत दरबन्दीमा हालसम्म पनि आवश्यक प्राविधिक जनशक्ति पूर्ति नभएकोले गाउँपालिकाको समग्र विकासमा भौतिक पूर्वाधार निर्माण गर्न कठिनाई भएको हुँदा एक जना अधिकृत छैटौं तह सिभिल इन्जिनियर आगामी २०७६ साल असार मसान्तसम्मका लागि सेवा करार गर्ने कार्य प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

निर्णय प्रमाणित

आज मिति २०७५ साल फाल्गुन २७ गते चामे गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक यस गाउँपालिकाका अध्यक्ष श्री लोकेन्द्र वहादुर घलेज्यूको अध्यक्षतामा वसी निम्न उपस्थितिमा देहाय वमोजिमको निर्णयहरु गरियो ।

उपस्थिति

| | | | |
|---|---|---|---|
| १. | अध्यक्ष | - | श्री लोकेन्द्रवहादुर घले |
| २. | उपाध्यक्ष | - | श्री मुनिन्द्रजंग गुरुङ |
| ३. | सदस्य | - | श्री आशिष गुरुङ |
| ४. | सदस्य | - | श्री भिमवहादुर गुरुङ |
| ५. | सदस्य | - | श्री राजु लामा |
| ६. | सदस्य | - | श्री लोपसाङ लामा – का.वा. बुधराम गुरुङ |
| ७. | सदस्य | - | श्री कैले गुरुङ |
| ८. | सदस्य | - | श्री लक्ष्मी वि.क. |
| ९. | सदस्य | - | श्री माईता गुरुङ |
| १०. | सदस्य | - | श्री समिरा गुरुङ |
| ११. | सदस्य | - | श्री फूलमाया गुरुङ |
| १२. | सदस्य | - | श्री आशकुमारी गुरुङ |
| १३. | सदस्य | - | श्री विन घले |
| १४. | सदस्य सचिव | - | श्री गंगवहादुर थापा |

प्रस्तावहरु

१. गाउँ वस्तुस्थिति विवरण (Profile) तयारीका लागि वस्तुगत विवरण संकलन गर्न सहयोग गर्ने सम्वन्धमा ।

२. जिल्ला अस्पतालको केन्द्र सरकार सशर्त अनुदान तर्फ अस्पतालको सेवा सुदृढीकरण सम्वन्धी वियोजित वजेटलाई चौमासिक रुपमा अस्पताल व्यवस्थापन समितिको खातामा जम्मा हुने गरी पेश्की दिने र कार्य सम्पन्न भएपछि सवै सक्कल स्रेस्ता सहित नियमानुसार सम्पूर्ण प्रकृया अवलम्वन गर्ने सम्वन्धमा ।

३. गाउँपालिकाको गौरवका आयोजना अन्तर्गतको लोकप्रिय मा.वि.आवासिय विद्यालय संचालन खर्च तर्फ विनियोजित वजेटलाई विद्यालय व्यवस्थापन समितिको खातामा जम्मा हुने गरी

चौमासिक रुपमा पेश्की दिने र कार्य सम्पन्न भएपछि सबै सक्कल स्रेस्ता सहित नियमानुसार सम्पूर्ण प्रकृया पुरा गरी कार्यपालिकाको कार्यालयमा पेश गर्ने सम्वन्धमा ।

४. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सिफारिसमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले यस कार्यालयलाई उपलब्ध गराएको पुरानो सवारी साधन बा१झ ३९२८ नं.को पजेरो जीप स्वीकार र मर्मत एवं नविकरण गर्ने सम्वन्धमा ।

५. हलुका सवारी चालकको सेवा करार गर्ने सम्वन्धमा

६. कार्यपालिका एवं वडाका नियमित वैठकमा भत्ता नलिने सम्वन्धमा ।

७. योजना संचालन र प्रभावकारी अनुगमन गर्ने सम्वन्धमा ।

८. खर्च मितव्ययिता गर्ने सम्वन्धमा ।

९. सवारी साधनको इन्धन र मर्मतका लागि मापदण्ड तयार गर्ने सम्वन्धमा ।

१०. गाउँ कार्यपालिकाको कार्यालयमा रहेका सम्पूर्ण सवारी साधनहरुलाई सरकारी नम्बरमा रुपान्तर गर्ने सम्वन्धमा ।

११. गाउँ कार्यपालिकाको कार्यालयलाई नयाँ भवनमा सार्ने, कार्यालय व्यवस्थापन गर्ने र सटर भाडामा लगाउने सम्वन्धमा ।

१२. गाउँपालिका क्षेत्र भित्र खानेपानीको व्यवस्थापन सम्वन्धमा ।

१३. गाउँपालिका क्षेत्र भित्र सरसफाईको व्यवस्थापन सम्वन्धमा ।

१४. तातोपानी सञ्चालन व्यवस्थापन सम्वन्धमा ।

१५. मुख्य सडकको मापदण्ड एंव विस्तार सम्वन्धमा ।

१६. वडा कार्यालय र वडा स्वास्थ्य संस्थाको भवन निर्माणका लागि जग्गा प्राप्ति सम्वन्धमा ।

१७. भूमि तथा सम्पत्ति कर प्रभावकारी वनाउने सम्वन्धमा ।

१८. थान्चोक स्वास्थ्य चौकीमा कार्यरत स्वास्थ्य कर्मी मध्य एक जना नर्सलाई लोक प्रिय मा.वि.मा स्वास्थ्य कर्मीको रुपमा खटाउने सम्वन्धमा ।

१९. वडा नं. ३, कोतो स्थित तिर्चुङल्दाको सुख्खा पहिरोमा रहेको ढुंगा र गिट्टी खानी उत्खन्न गर्ने सम्वन्धमा ।

२०. जिल्ला अस्पतालको २५ शैय्याको भवन निर्माणका लागि गण्डकी प्रदेश सामाजिक विकास मन्त्रालयमा सिफारिस गरी पठाउने सम्वन्धमा ।

२१. लोक प्रिय मा.वि.लाई आवासिय विद्यालय संचालन गर्न गण्डकी प्रदेश सरकारसँग सहकार्य गर्ने सम्वन्धमा ।

२२. रकमान्तर सम्बन्धी अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई प्रत्यायोजन गर्ने सम्वन्धमा ।

२३. गाउँ कार्यपालिकाको खर्च सार्वजनिक गर्ने सम्बन्धमा ।

२४. गाउँ सभाको मिति तय गर्ने सम्वन्धमा ।

__निर्णयहरु__

१. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा स्थानीय तहले आफ्नो गाउँ वस्तुस्थिति लाई समेटेर गाउँवस्तुस्थिति विवरण (Profile) तयार गर्न सहयोग हुने गरी मोवाईल एप्पस

निर्माण गरी सञ्चालनमा ल्याएको जानकारी प्राप्त हुन आएको हुँदा उक्त एप्पस मार्फत वस्तुगत विवरण संकलन गर्न वडाका टोलटोलमा गाउँपालिकाका कर्मचारी आउँदा वडाका जनप्रतिनिधीले पूर्णरुपमा सहयोग गर्ने निर्णय गरियो ।

२. केन्द्रीय सरकारद्वारा हस्तान्तरित कार्यक्रम अन्तर्गत सशर्त अनुदान तर्फ जिल्ला अस्पतालका लागि अस्पतालको सेवा सुदृढीकरण सम्वन्धी विनियोजित वजेटलाई चौमासिक रुपमा अस्पताल व्यवस्थापन समितिको खातामा जम्मा हुने गरी पेश्की दिने र अस्पतालवाट कार्य सम्पन्न भएपछि कार्य सम्पन्नका लागि अपनाईएका प्रकृया एवं सवै सक्कल स्रेस्ता सहित नियमानुसार गाउँकार्यपालिकाको कार्यालयमा पेश गर्ने गरी जिल्ला अस्पतालले कार्य अघि वढाउने निर्णय गरियो ।

३. गाउँपालिकाको गौरवका आयोजनाहरु मध्ये लोकप्रिय मा.वि.आवासिय विद्यालय संचालन खर्च तर्फ विनियोजित बजेटलाई विद्यालय व्यवस्थापन समितिको खातामा जम्मा हुने गरी चौमासिक रुपमा पेश्की दिने र कार्य सम्पन्न भएपछि सवै सक्कल स्रेस्ता सहित नियमानुसार सम्पूर्ण प्रकृया पूरा गरी कार्यपालिकाको कार्यालयमा पेश गर्ने गरी लोकप्रिय मा.वि.ले कार्य अघि वढाउने निर्णय गरियो ।

४. चामे गाउँपालिकाको समग्र विकासकालागि सञ्चालित योजनाहरुको प्रभावकारी अनुगमन गर्न कार्यालयमा सवारी साधन अति नै आवश्यक भएता पनि गाउँको विकासलाई मध्यनजर गर्दै केन्द्रिय सरकारवाट प्राप्त अनुदानलाई विकास निर्माणमा विनियोजित गरिएको परिपेक्ष्यमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सिफारिसमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले यस कार्यालयलाई सन् १९९३ मोडेलको एउटा पुरानो सवारी साधन वा१झ ३९२८ नं.को पजेरो जीप उपलव्ध गराएकोमा उक्त जीपलाई स्वीकार गर्ने र मर्मत एवं नविकरण गर्न आवश्यक पर्ने बजेटको व्यवस्था गर्ने निर्णय गरियो ।

५. यस कार्यालयका लागि प्राप्त सवारी साधन सञ्चालन गर्नका लागि आवश्यक पर्ने हलुका सवारी चालकको सेवा करार गर्न नियमानुसार सूचना प्रकाशन गरी प्रतिशपर्दा मार्फत सेवा करारमा लिने निर्णय गरियो ।

६. गण्डकी प्रदेश सभाद्वारा पारित स्थानीय पदाधिकारीहरुको सेवा सुविधा सम्वन्धी ऐनमा सवै पदाधिकारीहरुलाई पारिश्रमिको व्यवस्था गरेकोले कार्यपालिका एवं वडाका नियमित वैठकमा लिँदि गरेको भत्ता आजका मितिदेखि नलिने निर्णय गरियो ।

७. यस गाउँपालिकाको चालु आ.व.मा सञ्चालन हुने सम्पूर्ण योजनाको सफलता पूर्वक सम्पन्न गर्न प्रत्येक वडाका वडा अध्यक्षको अगुवाईमा वडा समितिले आ-आफ्नो वडामा संचालन हुने योजनाको प्रभावकारी अनुगमन गर्ने निर्णय गरियो ।

८. चामे गाउँपालिकाको सवै वडाको समानरुपमा विकास गर्न सवै पदाधिकारी एवं कर्मचारीले सक्दो खर्च मितव्ययिता अपनाई कार्य गर्ने निर्णय गरियो ।

९. वडाका वडा अध्यक्षले कार्यालयको प्रयोजन र योजना अनुगमनका लागि प्रयोग गर्नु भएको सवारी साधनको लागि आवश्यक पर्ने इन्धन प्रति महिना १५ लि. र मर्मत खर्च वापत वार्षिक रु. ३०,०००।-(तीस हजार) दिने निर्णय गरियो ।

१०. गाउँ कार्यपालिकाको कार्यालयमा र वडा कार्यालयमा रहेका सम्पूर्ण सवारी साधनहरुलाई यथासक्य छिटो सरकारी नम्बरमा रुपान्तर गर्ने निर्णय गरियो ।

११. गाउँ कार्यपालिकाको कार्यालयमा कर्मचारी समायोजन भएपछि दरवन्दी अनुसार कर्मचारी पूर्ति हुने हुँदा हालको कार्यालयमा स्थान अभाव हुने भएकोले नयाँवजारस्थित नयाँ भवनमा कार्यालय सार्ने र कार्यालय व्यवस्थापनका लागि आवश्यक पर्ने वजेटको व्यवस्था गर्ने र भवनको भुँई तलमा भएका सटरलाई दुई कोठा भएको सटर वार्षिक रु. ८० हजार र एक कोठा भएको सटर वार्षिक रु. ६० हजार न्यूनतम भाडा कायम गरी प्रचलित कानून बमोजिम भाडामा दिन सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

१२. चामे गाउँपालिका क्षेत्रभित्र हाल खानेपानीको व्यवस्थापन गरिरहेको संस्थाले प्रभावकारी रुपमा कार्य नगरेको हुँदा उक्त संस्थासँग वार्ता गरी खानेपानी व्यवस्थापनको कार्य गाउँपालिकावाट गर्ने निर्णय गरियो ।

१३. चामे गाउँपालिका पर्यटकीय क्षेत्र पनि भएको हुँदा सरसफाईले अतिनै महत्त्व राख्ने भएकोले यस क्षेत्रको सरसफाई गर्न पर्यटन व्यवसायी एवं सम्पूर्ण जनसमुदायसँग सहकार्य गर्दे सरसफाईको व्यवस्थापन गर्ने निर्णय गरियो ।

१४. गाउँपालिकाको प्राकृतिक स्रोत तातोपानीलाई व्यवस्थितरुपमा सञ्चालन गर्न गाउँपालिकावाट विनियोजित चालु आ.व.को वजेटले आवश्यक कार्य गर्ने र आगामी असारदेखि व्यवस्थापन कारारका लागि सूचना प्रकाशन गरी गाउँपालिकाको आन्तरिक आयमा वृद्धि हुने गरी शुल्क निर्धारण गर्न आगामी वैठक मार्फत गाउँ सभामा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

१५. बेसिशहर चामे मूल सडकको दुवै तर्फ निर्माण भएका संरचनालाई नेपाल सरकारको सडक मापदण्ड वमोजिम कायम गर्ने र उक्त मापदण्ड विपरित निर्माण भएका संरचनालाई १५ दिनको समय दिई आ-आफै सार्ने व्यवस्था मिलाउने सम्वन्धमा आगामी वैठक मार्फत गाउँसभामा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

१६. हाल यस गाउँपालिकाको वडा नं. ३ र वडा २ मा सवै वडाको संयुक्त वडा कार्यालय संचालन गरिएकोमा वडा कार्यालयको आ-आफ्नै भवन वनाउनु पर्ने भएकोले आवश्यक जग्गा प्राप्तिका लागि पहल गर्न र वडा स्वास्थ्य संस्थाको भवन निर्माणका लागि पनि जग्गा प्राप्ति गर्न वडा अध्यक्षलाई जिम्मा दिने निर्णय गरियो ।

१७. गाउँपालिका क्षेत्रमा रहेका भूमि र सम्पत्तिको नियमानुसार कर अशुल गर्न कार्यालयबाट कम्प्युटर प्रणाली लागू गर्न लागिएकोमा सवै पदाधिकारीले जनसमुदायसमक्ष अपिल गर्दै भूमि तथा सम्पत्ति करलाई प्रभावकारी वनाउने निर्णय गरियो ।

१८. थान्चोक स्वास्थ्य चौकीमा कार्यरत स्वास्थ्य कर्मी मध्ये एक जना नर्सलाई लोक प्रिय मा.वि.मा स्वास्थ्य कर्मीको रुपमा अर्को व्यवस्था नभएसम्मका लागि खटाउने निर्णय गरियो ।

१९. यस गाउँपालिकाको वडा नं. ३, कोतो स्थित तिर्चुङल्दाको सुख्खा पहिरोमा रहेको ढुंगा र गिट्टी खानीलाई गाउँपालिका क्षेत्र भित्रको भौतिक पूर्वाधार निर्माणमा प्रयोग गर्ने निर्णय गरियो ।

२०. मनाङ जिल्लाको जिल्ला सदरमुकाममा अवस्थित एक मात्र जिल्ला अस्पताललाई भौतिक एवं मानव स्रोत साधनका हिसाववाट सुविधा सम्पन्न वनाउदै अस्पतालको २५ शैयाको भवन निर्माणका लागि गण्डकी प्रदेश सामाजिक विकास मन्त्रालयमा सिफारिस गरी पठाउने निर्णय गरियो ।

२१. यस चामे गाउँपालिका वडा नं ४ स्थित लोक प्रिय मा.वि.लाई जिल्लाकै नमूना हुने गरी आवासीय रुपमा संचालन गर्न गाउँपालिकाको पहलमा प्ले ग्रुप देखि १२ कक्षासम्म आवासीय विद्यालय संचालन गरिँदै आएकोमा गण्डकी प्रदेश सरकारसँग सहकार्य गरी व्यवस्थित रुपमा आवासीय विद्यालयलाई संचालन गर्ने निर्णय गरियो ।

२२. चामे गाउँपालिकाको आर्थिक कार्यविधि ऐन २०७४ को दफा ९ को उपदफा (२) वमोजिम उपदफा (१) को अधिकार आवश्यकता अनुसार गाउँ कार्यपालिकाले प्रमुख प्रशासकीय अधिकृतलाई प्रत्यायोजन गर्न सक्ने व्यवस्था भएकोमा सोही अनुसार गर्न अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

२३. यस गाउँ कार्यपालिकावाट चालु आर्थिक वर्प २०७५/७६ को हालसम्म भएको आय र व्यय विवरण सार्वजनिक गर्ने निर्णय गरियो ।

२४. स्थानीय सरकार संचालन ऐन वमोजिम यस चामे गाउँपालिकाको हिउँदे गाउँ सभा मिति २०७५-१२-१५ गते गर्ने निर्णय गरियो ।

२५. आगामी महिना हुने चौथो गाउँसभामा गाउँसभा सदस्यलाई चिनारीको रुपमा एक/एक वटा झोला उपलव्ध गराउने निर्णय गरियो ।

आज मिति २०७५ साल चैत्र २५ गते दिउँसो २:०० बजे चामे गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक यस गाउँपालिकाका अध्यक्ष श्री लोकेन्द्र वहादुर घलेज्यूको अध्यक्षतामा वसी निम्न उपस्थितिमा देहाय बमोजिमको निर्णयहरु गरियो ।

<u>उपस्थिति</u>

| | | | |
|---|---|---|---|
| १. | अध्यक्ष | - | श्री लोकेन्द्रवहादुर घले |
| २. | उपाध्यक्ष | - | श्री मुनिन्द्रजंग गुरुङ |
| ३. | सदस्य | - | श्री आशिष गुरुङ |
| ४. | सदस्य | - | श्री भिमवहादुर गुरुङ |
| ५. | सदस्य | - | श्री राजु लामा |
| ६. | सदस्य | - | श्री लोपसाङ लामा |
| ७. | सदस्य | - | श्री कैले गुरुङ |
| ८. | सदस्य | - | श्री लक्ष्मी वि.क. |
| ९. | सदस्य | - | श्री माईता गुरुङ |
| १०. | सदस्य | - | श्री समिरा गुरुङ |
| ११. | सदस्य | - | श्री फूलमाया गुरुङ |
| १२. | सदस्य | - | श्री आशाकुमारी गुरुङ |
| १३. | सदस्य | - | श्री विन घले |
| १४. | सदस्य सचिव | - | श्री गंगवहादुर थापा |

<u>प्रस्तावहरु</u>

१. वजेट तथा कार्यक्रम संशोधन गर्ने सम्वन्धमा ।

२. चामे गाउँपालिका क्षेत्र भित्रका सडकहरुको मापदण्ड तय गर्ने सम्वन्धमा ।

३. चामे गाउँपालिकाको प्राकृतिक स्रोतको रुपमा रहेको तातो पानीलाई व्यवस्थापन करारमा दिने र दर तय गर्ने सम्वन्धमा ।

४. विधेयक समिति, लेखा समिति र सुशासन समिति गठन गर्ने सम्वन्धमा ।

५. गाउँ सभाको मिति संशोसन गर्ने सम्वन्धमा ।

६. स्थानीय विकास समिति तर्फका कर्मचारीको वीमा रकम सम्वन्धमा ।

निर्णयहरु

१. यस वर्ष विगतका वर्षको तुलनामा गाउँपालिका क्षेत्रमा भारी हिउँपात परेको । मौसम प्रतिकूल्ता तथा कर्मचारी सरुवाका कारण चालु आर्थिक वर्षका कार्यक्रम समयमा नै सुचारु हुन नसकेकोले बाँकी अवधिमा सम्भव हुने कार्यक्रम संचालन गर्न र गत वर्ष वार्षिक हिसाबको सालतमाम गर्दा गत वर्षको मौज्दात जिम्मेवारी सार्नुपर्ने रकम यकिन हुन नसकेको रकमलाई विनियोजनमा बाँडफाँड गरी चामे गाउँपालिकाको विनियोजन ऐन २०७५ को अनुसूचीहरुमा केही संशोधन गर्नुपर्ने भएकोले वजेट तथा कार्यक्रम संशोधन सम्वन्धी प्रस्ताव चौथो गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

२. चामे गाउँपालिका जिल्लाको सदरमुकाममा अवस्थित ७८.७८ वर्गकिलोमिटरमा फैलिएको एक मात्र साविकको गा.वि.स.वाट वनेको गाउँपालिका हो । जवसम्म गाउँपालिकाको भौतिक पूर्वाधारको विकास हुँदैन तवसम्म विकास शून्य प्राय लाग्दछ । त्यसकारण समयमानै गाउँपालिका भित्र रहेका सम्पूर्ण मूल तथा सहायक सडक एवं निर्माण हुने सडकको मापदण्ड तय गर्ने र नियम विपरित वनेका संरचनाहरु हटाउने सम्वन्धी प्रस्ताव चौथो गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

३. गाउँको समग्र विकास गर्न गाउँमै नयाँ नयाँ आयका स्रोत पहिचान गर्दै संघीय सरकारको परनिर्भरतामा कमी ल्याउनु स्थानीय सरकारको अहम भूमिका रहने हुँदा चामे गाउँपालिकाको प्राकृतिक स्रोतको रुपमा रहेको तातो पानीलाई व्यवस्थापन करारमा दिने र दर तय गर्ने सम्वन्धी प्रस्ताव चौथो गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

४. सभाले आफ्नो कार्यप्रणालीलाई व्यवस्थित गर्न र कार्यपालिकालाई सभाप्रति उत्तरदायी वनाउँदै आर्थिक अनुशासन, पारदर्शिता, मितव्यीता कायम गर्न, स्थानीय कानून निर्माण प्रक्रियालाई व्यवस्थित वनाउन तथा कार्यपालिकावाट भएका कारवाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन दिन स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २२ तथा स्थानीय तहको सभा सञ्चालन (कार्यविधि) ऐन, २०७५ को दफा ३५ मा भएको व्यवस्था वमोजिम विधेयक समिति, लेखा समिति र सुशासन समिति गठन गर्ने सम्वन्धी प्रस्ताव चौथो गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

५. स्थानीय सरकार संचालन ऐन वमोजिम यस चामे गाउँपालिकाको हिउँदे गाउँ सभा मिति २०७५-१२-१५ गते गर्ने मिति २०७५-११-२७ गतेको वैठकको निर्णय भएकोमा चालु आर्थिक वर्षमा सञ्चालन गर्नुपर्ने कार्यक्रममा प्राविधिक लागत ईष्टिमेटका आधारमा संशोधन गर्नुपर्ने भएकोले चामे गाउँपालिकाको चौथो गाउँसभा मिति २०७५-१२-२९ गते गर्ने निर्णय गरियो ।

६. चामे गाउँपालिकामा कार्यरत स्थानीय विकास समिति तर्फका कर्मचारीलाई निजामती कर्मचारीले प्राप्त गर्ने सावधिक जीवन बीमा प्रिमियम वरावरको रकम नियमानुसार उपलब्ध गराउने निर्णय गरियो ।

आज मिति २०७६ साल वैशाख २२ गते विहान ११:०० बजे चामे गाउँपालिका, गाउँ कार्यपालिकाको वैठक यस गाउँपालिकाका अध्यक्ष श्री लोकेन्द्र बहादुर घलेज्यूको अध्यक्षतामा वसी निम्न उपस्थितिमा देहाय बमोजिमको निर्णयहरु गरियो ।

उपस्थिति

| | | | |
|---|---|---|---|
| १. | अध्यक्ष | - | श्री लोकेन्द्रबहादुर घले |
| २. | उपाध्यक्ष | - | श्री मुनिन्द्रजंग गुरुङ |
| ३. | सदस्य | - | श्री आशिप गुरुङ |
| ४. | सदस्य | - | श्री भिमबहादुर गुरुङ |
| ५. | सदस्य | - | श्री राजु लामा |
| ६. | सदस्य | - | श्री लोपसाङ लामा |
| ७. | सदस्य | - | श्री कैले गुरुङ |
| ८. | सदस्य | - | श्री लक्ष्मी वि.क. |
| ९. | सदस्य | - | श्री माईता गुरुङ |
| १०. | सदस्य | - | श्री समिरा गुरुङ |
| ११. | सदस्य | - | श्री फूलमाया गुरुङ |
| १२. | सदस्य | - | श्री आशकुमारी गुरुङ |
| १३. | सदस्य | - | श्री विन घले |
| १४. | सदस्य सचिव | - | श्री गंगबहादुर थापा |

प्रस्तावहरु

१. चामे गाउँपालिका क्षेत्रभित्र निर्माण हुने भौतिक पूर्वाधार विकासकालागि डिपीआर गर्ने सम्वन्धमा ।

२. विद्यालयहरुको व्यवस्थापन गर्ने सम्वन्धमा ।

३. चालु आ.व.मा सञ्चालित योजना कार्यान्वयनको सीमिक्षा गर्ने सम्वन्धमा ।

४. वस पार्क र गाउँपालिकास्तरीय वहुउद्देश्य भवनका लागि जग्गा खरिद गर्ने सम्वन्धमा ।

५. गाउँपालिकास्तरीय उद्योग ग्राम स्थापनाका लागि प्रदेश सरकारलाई अनुरोध गर्ने सम्वन्धमा ।

६. संघीय सरकारद्वारा हस्तान्तरित सर्शत अनुदान अन्तर्गत उर्जा तर्फ सौर्य उर्जा प्रविधि जडान शीर्षकमा विनियोजित रकमलाई चामे स्वास्थ्य चौकी, थानचोकमा सौर्य उर्जा जडान गर्ने सम्वन्धमा ।

७. सीप तथा उद्यमशीलता विकास सम्वन्धी तालिम घरेलु तथा साना उद्योग विकास समिति, मनाङले लघु उद्यम विकास कार्यक्रम संचालन गर्न छनौट गरेको संस्था ग्रामीण विकास तथा अनुसन्धान केन्द्र, काठमाडौं मार्फत सञ्चालन गर्ने सम्वन्धमा ।

८. नेपाल बैंक लिमिटेड, मनाङलाई एटीम मेशिन राख्न सानो सटर भाडामा उपलब्ध गराउने सम्वन्धमा ।

निर्णयहरु

१. चामे गाउँपालिकाको समग्र क्षेत्रको विकास गर्ने उद्देश्यले चालु आर्थिक वर्ष २०७५/७६ को गाउँपालिकास्तरीय आयोजना तथा कार्यक्रमको वजेट खर्च शीर्षक ३१५११ भैपरी आउने पूँजीगत खर्चमा नेपाल सरकार समानीकरण अनुदान तर्फ रु. २१,७०,००० र आन्तरिक स्रोत तर्फ रु. २७,५०,००० गरी जम्मा रु. ४९,२०,००० विनियोजित वजेटमा घटाई बजेट खर्च शीर्षक ३११७२ पूँजीगत अनुसन्धान तथा परामर्शमा देहाय वमोजिमका योजना सञ्चालन गर्ने निर्णय गरियो ।

| क्र. सं. | कार्यक्रमको नाम | नेपाल सरकार-समानीकरण अनुदान | आन्तरिक स्रोत | कूल जम्मा |
|---|---|---|---|---|
| १ | गौरीशंकर आधारभूत वि.को भौतिक पूर्वाधार विकास निर्माणको डिपीआर तयार गर्ने योजना | ५००००० | ० | ५००००० |
| २ | कोतो गुम्वा निर्माणको डिपीआर तयार गर्ने योजना | ५००००० | ० | ५००००० |
| ३ | चामे गुम्वा निर्माणको डिपीआर तयार गर्ने योजना | ५००००० | ० | ५००००० |
| ४ | तिमाङ देखि डाँफेसम्म केवलकारको संभाव्यता अध्ययन योजना | ० | १००००० | १००००० |
| ५ | थानचोक देखि सल्लाघारीसम्मको मोटर बाटो सर्भे योजना | १००००० | ० | १००००० |
| ६ | तिर्चुङ्ल्दा देखि कोतोको बीचमा रहेको पहिरोको वातावरणीय प्रभाव मूल्याङ्न (EIA) योजना | ० | ३००००० | ३००००० |
| ७ | चामे स्वास्थ्यचौकी निर्माणको डिपीआर तयार गर्ने योजना | ० | ५००००० | ५००००० |
| ८ | डाँडागाउँ देखि पारी गाउँसम्मको ४ मिटर चौडा मोटरबाटो विस्तारका लागि सर्भे योजना | ० | १००००० | १००००० |
| | कूल जम्मा = | १६००००० | १०००००० | २६००००० |

२. चामे गाउँपालिका क्षेत्रभित्र रहेका दिनदयालु आधारभूत विद्यालय, थानचोक, विश्वशान्ति आधारभूत विद्यालय, कोतो र गौरीशंकर आधारभूत विद्यालय, तिमाङमा रहेका सम्पूर्ण कक्षाका विद्यार्थीहरु मध्ये दिनदायलु आधारभूत विद्यालय, थानचोकका पूर्व बाल विकास कक्षा वाहेक सवै कक्षाका विद्यार्थीलाई चामेको लोकप्रिय माध्यमिक विद्यालयमा आवासियरुपमा राख्ने, शिक्षकको देहाय वमोजिम व्यवस्थापन गर्ने र अन्य विद्यालयको हकमा अर्को गाउँ कार्यपालिकाको वैठकमा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

दीनदम्यालु आधारभूत विद्यालय, थानचोक

| क्र. सं. | शिक्षकको नाम, थर | तह | हाल कामकाजका लागि तोकिएको विद्यालय | कैफियत |
|---|---|---|---|---|
| १ | इन्द्रजंग गुरुङ | प्रा.वि.द्वितीय | लोकप्रिय माध्यमिक विद्यालय, चामे | |
| २ | खिलबहादुर घले | प्रा.वि.द्वितीय | लोकप्रिय माध्यमिक विद्यालय, चामे | |
| ३ | हरिमाया घले | प्रा.वि.तृतीय | लोकप्रिय माध्यमिक विद्यालय, चामे | |
| ४ | पेचबहादुर घले | प्रा.वि.द्वितीय | चामे गा.पा.वडा नं. १ को वडा कार्यालय | ~~वडा सचिव~~ |
| ५ | निर्मला गुरुङ | प्रा.वि.द्वितीय | चामे गा.पा.वडा नं. २ को वडा कार्यालय | ~~वडा सचिव~~ |

३. चालु आर्थिक वर्ष २०७५/७६ मा यस गाउँपालिकाका वडाभित्र सञ्चालित एवं सञ्चालन हुन लागेका योजनाहरुलाई समयमै सम्पन्न गर्न वडाध्यक्षले प्रमूख भूमिका खेल्ने र सबै जनप्रतिनिधिले आ-आफ्नो क्षेत्रमा रहेका योजना अनुगमन गरी गाउँकार्यपालिकाको विपयगत समितिमा प्रतिवेदन पेश गर्ने निर्णष गरियो ।

४. चामे गाउँपालिका क्षेत्रभित्र वस पार्क निर्माण गर्न र प्रदेश सरकारद्वारा निर्माण गरिदिने गाउँपालिकास्तरीय बहुउद्देश्य भवनका लागि आवश्यक पर्ने जग्गा प्राप्ती गर्न गाउँ कार्यपिलकाको पूर्वाधार विकास समितिलाई जिम्मा दिने निर्णय गरियो ।

५. चामे गाउँपालिकाको आम्दानीका स्रोतहरु ज्यादै नै न्यून रहेकोले गाउँको चौतर्फी विकास गर्न आम्दानीका स्रोतहरुको समयमा नै खोजी गर्नुपर्ने आवश्यकता रहेको हुँदा चामे गाउँपालिका वडा नं. ३ र ४ स्थित दक्षिणतर्फ रहेको पाटनमा स्थानीय कच्चा पदार्थ प्रयोग गर्ने गरी गाउँपालिकास्तरीय उद्योग ग्राम स्थापनाका लागि प्रदेश सरकार उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

६. चामे गाउँपालिकाको संघीय सरकारद्वारा हस्तान्तरित सर्शत अनुदान अन्तर्गत उर्जा तर्फ सौर्य उर्जा प्रविधि जडान शीर्षकमा विनियोजित रकमलाई चामे स्वास्थ्य चौकी, थानचोकमा सौर्य उर्जा जडान गर्न गाउँ कार्यपालिकाको कार्यालयले खरिद प्रक्रिया अघि वढाउने निर्णय गरियो ।

७. चामे गाउँपालिकाद्वारा चालु आर्थिक वर्ष २०७५/७६ मा सञ्चालन हुने सीप तथा उद्यमशीलता विकास सम्वन्धी तालिम घरेलु तथा साना उद्योग विकास समिति, मनाङले लघु उद्यम विकास कार्यक्रम संचालन गर्न छनौट गरेको संस्था ग्रामीण विकास तथा अनुसन्धान केन्द्र, काठमाडौं र घरेलु तथा साना उद्योग विकास समिति, मनाङको सहकार्यमा सञ्चालन गर्ने निर्णय गरियो ।

८. चामे गाउँपालिकाको सरकारी कारोवार गर्ने वैंक नेपाल वैंक लिमिटेड, मनाङले चामे वजारमा एटीम मेशिन राख्न गाउँपालिकाको नयाँवजारस्थित भवनमा सानो सटर भाडामा माग गरी निवेदन प्राप्त भएकोमा उपलव्ध साना सटरहरु मध्ये मासिक रु. ८०००।- भाडा लिने गरी वैंकको आवश्यकता अनुसार पूर्वाधार निर्माण गर्ने गरी एक वटा सानो सटर भाडामा दिने निर्णय गरियो ।

आज मिति २०७६ साल जेठ १० गते बिहान ११:०० बजे चामे गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक यस गाउँपालिकाका अध्यक्ष श्री लोकेन्द्र बहादुर घलेज्यूको अध्यक्षतामा बसी निम्न उपस्थितिमा देहाय बमोजिमको निर्णयहरु गरियो ।

उपस्थिति

| | | | |
|---|---|---|---|
| १. | अध्यक्ष | - | श्री लोकेन्द्रबहादुर घले |
| २. | उपाध्यक्ष | - | श्री मुनिन्द्रजंग गुरुङ |
| ३. | सदस्य | - | श्री आशिष गुरुङ |
| ४. | सदस्य | - | श्री भिमबहादुर गुरुङ |
| ५. | सदस्य | - | श्री राजु लामा |
| ६. | सदस्य | - | श्री लोपसाङ लामा |
| ७. | सदस्य | - | श्री कैले गुरुङ |
| ८. | सदस्य | - | श्री लक्ष्मी वि.क. |
| ९. | सदस्य | - | श्री माईता गुरुङ |
| १०. | सदस्य | - | श्री समिरा गुरुङ |
| ११. | सदस्य | - | श्री फूलमाया गुरुङ |
| १२. | सदस्य | - | श्री आशकुमारी गुरुङ |
| १३. | सदस्य | - | श्री विन घले |
| १४. | सदस्य सचिव | - | श्री गंगबहादुर थापा |

प्रस्तावहरु

१. विश्व शान्ति आधारभूत विद्यालयको व्यवस्थापन गर्ने सम्वन्धमा ।

२. वडा कार्यालय र पशु तथा कृषि शाखा स्थापना गर्ने सम्वन्धमा ।

३. पूर्वाधार विकास समितिको जग्गा खरिद सम्वन्धी निर्णय सम्वन्धमा ।

४. थानचोक घट्टेखोला काठेपुल

५. थानचोक सल्लाघारी सडक ढलान

निर्णयहरु

१. चामे गाउँपालिका वडा नं. ३ मा अवस्थित विश्वशान्ति आधारभूत विद्यालय, कोतोमा विद्यार्थी संख्या ज्यादै नै कम भएको हुँदा सबै कक्षाका विद्यार्थीलाई चामेको लोकप्रिय माध्यमिक विद्यालयमा आवासियरुपमा राख्ने र शिक्षक एवं कर्मचारीको देहाय बमोजिम व्यवस्थापन गर्ने निर्णय गरियो ।

विश्वशान्ति आधारभूत विद्यालय, कोतो

| क्र. सं. | शिक्षकको नाम, थर | तह | हाल कामकाजका लागि तोकिएको विद्यालय | कैफियत |
|---|---|---|---|---|
| १ | आशलाल गुरुङ | प्रा.वि.तृतीय | चामे गा.पा.वडा नं. ३ को वडा कार्यालय | |
| २ | कमला घिमिरे | प्रा.वि.तृतीय | गौरी शंकर आधारभूत विद्यालय, तिमाङ | |
| ३ | जुनमाया गुरुङ | प्रा.वि.तृतीय | लोकप्रिय माध्यमिक विद्यालय, चामे | |
| ४ | कुञ्ज्ञा गुरुङ | राहत कोटा | लोकप्रिय माध्यमिक विद्यालय, चामे | करार |
| ५ | सोनाम लामा | स.का. | लोकप्रिय माध्यमिक विद्यालय, चामे | बा.वि.क. करार |
| ६ | लाक्पा ढोमा लामा | का.स. | लोकप्रिय माध्यमिक विद्यालय, चामे | करार |

२. चामे गाउँपालिका वडा नं. २ मा रहेको दीनदयालु आधारभूत विद्यालय, थानचोकमा गाउँ कार्यपालिकाको कृषि शाखा, पशु शाखा, चामे स्वास्थ्य चौकी स्थानन्तर गर्ने, थानचोकमा रहेको वडा नं. १ र २ संयुक्त वडा कार्यालयलाई छुट्टा छुट्टै व्यवस्थापन गर्ने गरी वडा नं. २ को वडा कार्यालयलाई दीनदयालु आधारभूत विद्यालय भवन, थानचोकमा र वडा नं. १ को वडा कार्यालयलाई गौरीशंकर आधारभूत विद्यालय, तिमाङको भवनमा आर्को व्यवस्था नभएसम्म राख्ने निर्णय गरियो ।

३. चामे गाउँपालिका क्षेत्रभित्र वस पार्क निर्माण गर्न र प्रदेश सरकारद्वारा निर्माण गरिदिने गाउँपालिकास्तरीय वहुउद्देश्य भवन (सिटीहल) का लागि आवश्यक पर्ने जग्गा प्राप्ती गर्न गाउँ कार्यपिलकाको पूर्वाधार विकास समितिलाई जिम्मा दिने मिति २०७६-०१-२२ गतेको निर्णय वमोजिम सार्वजनिक जग्गा प्राप्त हुन नसकेको भनि मिति २०७६-०२-०८ गतेको पूर्वाधार विकास समितिको निर्णयका आधारमा गाउँपालिका केन्द्र नजिकै मुख्य सडकले छोएको प्रचलित दररेटमा नवढ्ने गरी घटीघटाउमा सिटीहलका लागि करिव ३ रोपनी र वस पार्कका लागि करिव ७ रोपनी गरी जम्मा १० रोपनी जग्गा खरिद गर्न गाउँकार्यपालिकाको कार्यालयले प्रक्रिया अघि वढाउन निर्देशन दिने निर्णय गरियो ।

४. चामे गाउँपालिकाको वडा नं. २ थानचोक स्थित घट्टेखोलामा पुल नहुँदा सम्पूर्ण जनसमुदायलाई आवतजावतमा ज्यादै कठिनाई भएको हुँदा चालु आर्थिक वर्ष २०७५/७६ को गाउँपालिकास्तरीय आयोजना तथा कार्यक्रमको वजेट खर्च शीर्षक ३१५११ भैपरी आउने पूँजीगत खर्चमा नेपाल सरकार समानीकरण अनुदान तर्फ रु. ५,७०,००० र आन्तरिक स्रोत तर्फ रु. १७,५०,००० गरी जम्मा रु. २३,२०,००० वजेट मध्ये आन्तरिक स्रोत तर्फको वजेटवाट घटाई वजेट खर्च

शीर्षक ३११५१ सडक तथा पूल निर्माणमा थानचोक घट्टेखोला काठेपुल निर्माणका लागि रु. १,५०,०००।- विनियोजन गर्ने निर्णय गरियो ।

५. डुम्रे-वेसिशहर-घेर्मु-सातताले-चामे सडक सहायक राजमार्ग (फिडर रोड) अन्तर्गतको चामे गाउँपालिका वडा नं. २ स्थित सल्लाघारी खण्डको सडकमा खाडल परी ठूला ठूला ढुंगा देखिएको हुँदा सवारी साधन आवतजातवमा ज्यादै नै कठिनाई भएको हुँदा उक्त खण्ड ढलानकालागि गण्डकी प्रदेश, डिभिजन सडक कार्यालय, दमौली, तनहुँलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय प्रमाणित

आज मिति २०७६ साल असार ०५ गते विहान ०९:०० वजे चामे गाउँपालिका, गाउँ कार्यपालिकाको वैठक यस गाउँपालिकाका अध्यक्ष श्री लोकेन्द्र वहादुर घलेज्यूको अध्यक्षतामा वसी निम्न उपस्थितिमा देहाय बमोजिमको निर्णयहरु गरियो ।

<u>उपस्थिति</u>

| | | | |
|---|---|---|---|
| १. | अध्यक्ष | - | श्री लोकेन्द्रवहादुर घले |
| २. | उपाध्यक्ष | - | श्री मुनिन्द्रजंग गुरुङ |
| ३. | सदस्य | - | श्री आशिष गुरुङ |
| ४. | सदस्य | - | श्री भिमवहादुर गुरुङ |
| ५. | सदस्य | - | श्री राजु लामा |
| ६. | सदस्य | - | श्री लोपसाङ लामा |
| ७. | सदस्य | - | श्री कैले गुरुङ |
| ८. | सदस्य | - | श्री लक्ष्मी वि.क. |
| ९. | सदस्य | - | श्री माईता गुरुङ |
| १०. | सदस्य | - | श्री समिरा गुरुङ |
| ११. | सदस्य | - | श्री फूलमाया गुरुङ |
| १२. | सदस्य | - | श्री आशकुमारी गुरुङ |
| १३. | सदस्य | - | श्री विन घले |
| १४. | सदस्य सचिव | - | श्री गंगवहादुर थापा |

<u>प्रस्तावहरु</u>

१. चामे गाउँपालिकाको पाँचौं गाउँसभा आव्हान गर्ने सम्वन्धमा ।
२. चामे गाउँपालिकाको वजेट तथा कार्यक्रम तर्जुमा समितिवाट प्राप्त प्रस्ताव सम्वन्धमा ।
३. चामे गाउँपालिकाको नीति तथा कार्यक्रम पाँचौं गाउँसभामा पेश गर्ने सम्वन्धमा ।
४. चामे गाउँपालिकाको बजेट तथा कार्यक्रम पाँचौं गाउँसभामा पेश गर्ने सम्वन्धमा ।
५. आर्थिक विधेयक र विनियोजन विधेयक गाउँसभामा पेश गर्ने सम्वन्धमा ।
६. चालु आर्थिक वर्षमा सम्पन्न भएका योजनाहरु फरफारक गर्ने सम्वन्धमा ।
७. कार्यालयको पूरानो पजेरो जीप मर्मतको खर्च अनुमोद गर्ने सम्वन्धमा ।
८. शिक्षकको जिम्मेवारी हेरफेर सम्वन्धमा ।

निर्णयहरु

१. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम चामे गाउँपालिकाको पाँचौं गाउँसभा मिति २०७६ साल असार ६ गतेदेखि आव्हान गर्ने निर्णय गरियो ।

२. चामे गाउँपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिले विषयगत समितिवाट दफावार छलफल गरी प्रस्ताव भएका कार्यक्रम/आयोजनाहरुको त्रि-वर्षीय खर्च प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचनाको मस्यौदालाई स्वीकृत गर्ने र चामे गाउँपालिकाको आर्थिक वर्ष २०७६/७७ को बार्षिक बजेट तथा कार्यक्रम तयार गरी गाउँकार्यपालिकाको वैठकमा पेश गर्ने प्रस्तावलाई स्वीकृत गरी गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

३. चामे गाउँपालिकाको आर्थिक वर्ष २०७६/७७ को नीति तथा कार्यक्रम स्थानीय सरकारका प्रमुख एवम् गाउँपालिकाका अध्यक्ष श्री लोकेन्द्रवहादुर घलेद्वारा मिति २०७६ साल असार ६ गते दिउँसो १ बजे गरिमामय गाउँसभामा सम्वोधन गर्न प्रस्ताव गर्ने निर्णय गरियो ।

४. चामे गाउँपालिकाको आर्थिक वर्ष २०७६/७७ को वजेट तथा कार्यक्रम गाउँपालिकाका उपाध्यक्ष श्री मुनिन्द्रजंग गुरुङद्वारा मिति २०७६ साल असार १० गते विहान ११ बजे गाउँसभामा पेश गर्न प्रस्ताव गर्ने निर्णय गरियो ।

५. विधायन समितिवाट प्रस्ताव भई आएको चामे गाउँपालिकाको आर्थिक विधेयक, २०७६ र चामे गाउँपालिकाको विनियोजन विधेयक, २०७६ लाई पाँचौं गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

६. चामे गाउँपालिकाको चालु आर्थिक वर्ष २०७५/७६ मा सञ्चालन भएका योजनाहरु मध्ये देहायमा उल्लेखित योजनाहरु प्राविधक मूल्याङ्कन एवम् स्थानीय अनुगमन एवं मूल्याङ्कन समितिको निर्णय अनुसार अन्तिम जाँचपास एवं फरफारक गर्ने निर्णय गरियो ।

तपसिल

| | | | |
|---|---|---|---|
| (क) | थानचोक ढल निर्माण | - | रु. ७६५०००।- |
| (ख) | थानचोक मोटरवाटो ढलान | - | रु. २००००००।- |
| (ग) | चरण विकास खोल्साको पानी निकासको लागि तटवन्धन | - | रु. ३०००००।- |

७. चामे गाउँपालिकाको मिति २०७५ साल फाल्गुन २७ गते बसेको गाउँ कार्यपालिकाको वैठकको निर्णय नं. ४ वमोजिम संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत स्वास्थ्य तथा जनसंख्या मन्त्रालयवाट प्राप्त पुरानो पजेरो जीप मर्मत गर्दा लागेको खर्च रु. ९ लाख १९ हजार ७ सय २६ रुपैयाँ अनुमोन गर्ने निर्णय गरियो ।

८. चामे गाउँपालिका वडा नं. ४ मा अवस्थित लोकप्रिय माध्यमिक विद्यालयमा कार्यरत निम्न अनुसारका शिक्षक र मिति २०७६ साल जेठ १० गतेको गाउँ कार्यपालिकाको वैठकको निर्णय नं. १ वमोजिम गौरीशंकर आधारभूत विद्यालयमा कामकाजमा जिम्मेवारी तोकिएका शिक्षक श्री कमला घिमिरेलाई निजको स्वास्थ्य अवस्थाका कारण देहाय वमोजिम जिम्मेवारी तोक्ने निर्णय गरियो ।

निर्णय प्रमाणित

| क्र. सं. | शिक्षकको नाम, थर | तह | साविक कामकाजका लागि तोकिएको निकाय | हाल कामकाजका लागि तोकिएको निकाय |
|---|---|---|---|---|
| १ | इन्द्रजंग गुरुङ | प्रा.वि.द्वितीय | लोकप्रिय माध्यमिक विद्यालय, चामे | चामे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय |
| २ | कमला घिमिरे | प्रा.वि.तृतीय | गौरी शंकर आधारभूत विद्यालय, तिमाङ | लोकप्रिय माध्यमिक विद्यालय, चामे |
| ३ | कमला गौली | प्रा.वि.तृतीय | लोकप्रिय माध्यमिक विद्यालय, चामे | चामे गा.पा.वडा नं. ४ को वडा कार्यालय |

९. चामे गाउँपालिकाको चालु आर्थिक वर्ष २०७५/७६ को सञ्चालन खर्चको चालु खर्चतर्फ बजेट खर्च शीर्षक २८९११ भैपरी आउने चालु खर्चमा नेपाल सरकार समानीकरण अनुदान तर्फ रु. ५,००,००० र आन्तरिक स्रोत तर्फ रु. १,१६,६४८ गरी जम्मा रु. ६,१६,६४८ विनियोजित बजेट मध्ये बाँकी रहेको रु. ४,०४,०४८ मा घटाई बजेट खर्च शीर्षक २२२३१ निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्चबाट स्याल्क्यू खोला लघु जलविद्युत मर्मत योजनामा रु. ३,००,००० विनियोजन गर्ने निर्णय गरियो ।

१०. चामे गाउँपालिकाको केन्द्र नजिकै चामे सिटीहल निर्माण गर्ने कार्य योजना भएको हुँदा चालु आर्थिक वर्ष २०७५/७६ को गाउँपालिकास्तरीय आयोजना तथा कार्यक्रमको बजेट खर्च शीर्षक ३१५११ भैपरी आउने पूँजीगत खर्चमा नेपाल सरकार समानीकरण अनुदान तर्फ रु. ५,७०,००० र आन्तरिक स्रोत तर्फ रु. १६,००,००० गरी जम्मा रु. २१,७०,००० बजेट मध्ये आन्तरिक स्रोत तर्फको वजेटबाट घटाई बजेट खर्च शीर्षक ३११३५ चामे सिटीहल निर्माणको डिपीआर तयार गर्ने योजनाका लागि रु. ५,००,०००।- विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय पुस्तिका

आज मिति २०७६ साल असार २५ गते दिउँसो १२:३० वजे चामे गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक यस गाउँपालिकाका अध्यक्ष श्री लोकेन्द्र वहादुर घलेज्यूको अध्यक्षतामा वसी निम्न उपस्थितिमा देहाय वमोजिमको निर्णयहरु गरियो ।

उपस्थिति

| | | | |
|---|---|---|---|
| १. | अध्यक्ष | - | श्री लोकेन्द्रवहादुर घले |
| २. | उपाध्यक्ष | - | श्री मुनिन्द्रजंग गुरुङ |
| ३. | सदस्य | - | श्री आशिप गुरुङ |
| ४. | सदस्य | - | श्री भिमवहादुर गुरुङ |
| ५. | सदस्य | - | श्री राजु लामा |
| ६. | सदस्य | - | श्री लोपसाङ लामा (कुशराज का.मा) |
| ७. | सदस्य | - | श्री कैले गुरुङ |
| ८. | सदस्य | - | श्री लक्ष्मी वि.क. |
| ९. | सदस्य | - | श्री माईता गुरुङ |
| १०. | सदस्य | - | श्री समिरा गुरुङ |
| ११. | सदस्य | - | श्री फूलमाया गुरुङ |
| १२. | सदस्य | - | श्री आशकुमारी गुरुङ |
| १३. | सदस्य | - | श्री विन घले |
| १४. | सदस्य सचिव | - | श्री लक्ष्मण गौली (नि.प्रमुख प्रशासकीय अधिकृत) |

प्रस्तावहरु

१. जिल्ला समन्वय समिति मार्फत हस्तान्तरण भएको वहुउद्देशीय भवनको ठेक्का सम्वन्धी निर्माण व्यवसायीको स्पष्टीकरण प्रतिवेदन सम्वन्धमा ।

२. जिल्ला समन्वय समिति मार्फत हस्तान्तरण भएको वहुउद्देशीय भवनको कार्य सम्पन्न सम्वन्धमा ।

३. साविकको जिल्ला विकास समिति मार्फत यस गाउँपालिकामा स्थानीयकरण भएको सामुदायिक विकास कोप र सामाजिक परिचालिका सम्वन्धमा ।

४. चामे सिटी हल र चामे वसपार्कको लागि जग्गा खरीद गर्दा लाग्ने वजेटको व्यवस्था सम्वन्धमा

निर्णयहरु

१. प्रस्ताव नं. १ माथि छलफल हुँदा मिति २०७५।०९।०५ गते जिल्ला समन्वय समिति, मनाङ मार्फत हस्तान्तरण भएको चामे गाउँपालिका वडा नं. ४, नयाँबजारमा निर्माणाधिन बहुउद्देशीय भवनको निर्माण कार्यको ठेक्का सम्बन्धमा निर्माण व्यवसायी मृत सञ्जिवनी-खड्का कृष्ण-द क्याराभान जेभीलाई चौथो रनिङ विल भुक्तानी भएपश्चात सम्पर्कमा नआएको सम्बन्धमा स्पष्टीकरण माग गरिएकोमा सोको प्रतिवेदन प्राप्त भई व्यहोरा अवगत भयो । निर्माण व्यवसायीको प्रतिवेदन अनुसार रनिङ विल भुक्तानी लिनासाथ केही समय अन्य स्थानको निर्माण कार्यमा व्यस्त हुनु परेको र त्यस पश्चात लगतै चामेमा भारी हिमपात परी विपद् आई बाटोघाटो समेत अवरुद्ध भएकोले निर्माण कार्य ढिला भएको र बाटो सुचारु भएपछि निर्माण कार्यलाई तीव्रता दिन लागेकोले कार्यालयमा समेत आउन समय नभएको हुँदा असार २५ गतेसम्म ठेक्काको म्याद थप गरिदिन समेत अनुरोध भई आएको र निर्माण कार्यपनि सम्पन्न गरेको भनी प्रतिवेदन दिएको हुँदा निर्माणाधिन भवनको प्राविधिक सहित जनप्रतिनिधिले स्थलगत अवलोकन गरी सम्पूर्ण कार्यको प्राविधिक मूल्याङ्कन गराउने निर्णय गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल हुँदा जिल्ला समन्वय समिति, मनाङ मार्फत हस्तान्तरण भएको वहुउद्देशीय भवनको निर्माण कार्यको कार्य प्रगती, प्राविधिक नापजाँच, मूल्याङ्कन गर्ने, सम्झौता वमोजिमका सम्पूर्ण कार्य सम्पन्न भएमा माग अनुसारको म्याद थप गरी, मिति २०७५।०७।१० गतेको गाउँ कार्यपालिकाको वैठकले थप कार्यको भेरियशन स्वीकृत भए अनुरुपको कार्यको समेत मूल्याङ्कन गरी अन्तिम विलको भुक्तानी दिने र निर्माण व्यवसायी मृत सञ्जिवनी-खड्का कृष्ण-द क्याराभान जेभीबाट हस्तान्तरण हुने निर्माण सम्पन्न वहुउद्देशीय भवनलाई स्वीकार गर्ने निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ माथि छलफल हुँदा साविकको जिल्ला विकास समिति, मनाङ्ग मार्फत यस गाउँपालिकामा स्थानीयकरण भएको सामाजिक परिचालक सहितको सामुदायिक विकास कोपलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने, पाँचै वडामा रहेका समूहलाई सामाजिक परिचालनका माध्यमवाट सक्रिय वनाउने, कोपमार्फत परिचालित ऋण पूँजी एवं बीउ पूँजीलाई समुदायको हक हित, समान लाभ र भलाई हुने गरी कार्यक्रम सञ्चालन गर्ने । यस कार्यक्रमलाई सञ्चालन गर्न आवश्यक पर्ने कार्यविधि तयार गर्ने । सामाजिक परिचालक सहायक चौथो तह एक जना र कार्यालय सहयोगी एक जनालाई यसै कोष मार्फत पारिश्रमिक उपलब्ध गराउने गरी सेवा करार गर्ने । चालु आ.व. २०७५/७६ मा चामे गाउँपालिकाको गाउँपालिकास्तरीय आयोजनाहरु तथा कार्यक्रमको खर्च शीर्षक २२५२२ सामुदायिक विकास कार्यक्रम तर्फ रु. ४ लाख विनियोजन गरिएको रकमलाई सामुदायिक विकास कोपमा ट्रास्फर गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ माथि छलफल हुँदा चामे गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०७६।०२।१० गतेको वैठकको निर्णय नं. ३ अनुसार गाउँ कार्यपालिकाको कार्यालयले चामे सिटी हल र चामे वसपार्कको लागि नियमानुसार जग्गा खरीद प्रकृया अघि वढाउने निर्देशन वमोजिम सिटी हलको लागि रु. ४५,७५,०००.०० र वसपार्कको लागि रु. १,०७,१०,०००.०० गरी जम्मा रकम रु. १,५२,८५,०००.०० वजेट, खर्च शीर्षक ३१४११ जग्गा प्राप्तिमा चालु आ.व.मा खर्च नभई वचत हुने रकम र विकास निर्माणमा कट्टी गरिएको कन्टेन्टजेन्सी रकमवाट भुक्तानी दिने निर्णय गरियो ।